**लिङ्ग छनोट गरी गर्भपतन गर्नु अपराध हो ।**

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस १९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 January 03 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२६

## तिलावे नदी किनारमा फोहर फालिंदै महानगर मौन

दिनेश मिश्र, वीरगंज १८ पुस/

वीरगंज महानगरपालिका–१९ स्थित तिलावे नदीमा महानगरको फोहर फाल्न थालेपछि युवाहरूले सक्रियता देखाएर रोकेका छन् । नदी वरपरका उद्योग, कलकारखाना र सार्वजनिक स्थलबाट निस्किएका फोहर तिलावे नदी किनारमा टयाक्टरबाट फालिंदै आइएको छ । युवाहरूले सोमवार फोहर फाल्ने टयाक्टरलाई रोकेका थिए । उनीहरूले वीरगंज महानगरपालिकाले फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइसकेको र जथाभावी फोहर फाल्न निषेध गरेकोमा वडा कार्यपालिकाको लापरवाहीको कारण उद्योग, कलकारखाना र सार्वजनिक स्थानबाट निस्केका फोहरलाई वडाध्यक्षको निष्क्रियताको कारण तिलावे नदी किनारमा फालिएको भन्दै विरोध गरेका थिए ।



तस्वीरः प्रतीक

श्रीसिया नदी प्रदूषण नियन्त्रणको प्रयास भइरहेका बेला तिलावे नदी प्रदूषण गर्नु उपयुक्त नहुने भन्दै उनीहरूले विरोध गरेका हुन् । युवाहरूले तिलावे नदी किनारमा फोहरको डुङ्गुर देखिएपछि यसविरुद्ध अभियान सञ्चालन गरेको बताएका छन् । आफूहरूले विरोध गरेपछि परिवारका सदस्यहरूलाई दबाब दिइरहेको युवाहरूले बताए ।

नदीमा नुहाउन, पूजापाठ गर्न, खेत सिंचाइ गर्न, पशुपक्षीको तिर्खा मेटाउने तिलावे नदी किनारमा फोहर भण्डारण गरिएपछि फोहर कुहिएर नदीमा पुग्ने र त्यसले नदीको स्वच्छतालाई प्रदूषित गर्ने भन्दै स्थानीय युवाहरूले विरोध गरेका हुन् ।

कुखुरा फार्महरूबाट निस्किने फोहर, म्याद गुज्रिएका औषधि, खाद्यान्नको फोहर, उद्योगको बोइलरबाट निस्केको छाइँलगायत सार्वजनिक स्थलबाट निस्केका फोहरहरू पनि टयाक्टरमार्फत तिलावे नदी वरपर केही महीनादेखि फालिंदै आएको स्थानीय विकास यादवले बताए । फोहरको डुङ्गुर बढेपछि



युवाहरूले यसविरुद्ध सक्रियता देखाएका हुन् । तिलावे नदी आसपास फोहर फालिंदा सोको प्रदूषणले गाउँलेहरूलाई समेत असर पारेको उनले बताए । चीसोको कारण दुर्गन्ध व्यापकरूपमा नफैलिए पनि गर्मीयाममा यसले बसिनसक्नु हुने उनले बताए । महानगरपालिकाले फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएपछि सोही केन्द्रमा फोहर विसर्जन गर्नुपर्नेमा उद्योग, कलकारखानाहरूले डिजेल मात्र बचाउनको लागि नदीलाई प्रदूषण गर्न लागेको युवाहरूको भनाइ छ ।

स्थानीय युवा नीरज यादव, नैमोद्दीन मियाँ, विवेक मिश्र, नीरज यादव, अनिल यादव, राकेश कम्कर, राजाराम यादव, राजु यादवले सोमवार टयाक्टर रोक्दै वडापालिकाको लापरवाहीप्रति महानगरले चासो राखेर समस्याको समाधान गर्नुपर्ने र सो नगरिए आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

तिलावे नदी वीरगंज महानगरको वडा नं १७ र १९ को सीमामा पर्दछ । पूर्वपट्टि वडा नं १७ अलौं र पश्चिमपट्टि वडा नं १९ विन्ध्यवासिनी पर्छ । उनीहरूले उद्योग कलकारखानाबाट नदीमा फोहर विसर्जनका लागि वडाध्यक्षहरूलाई प्रभावित पारिएको हुन सक्ने आरोप लगाए ।

यसबारेमा वडा नं १७ अलौं अध्यक्ष सञ्जु छतकुलीले अलौंबाट निस्केको फोहोर नदीछेउ विसर्जन नगरिएको बताए । उनले तिलावे नदी किनारमा आफ्नोतर्फ फोहर फाल्न नदिएको र फालेको जानकारी पाए तुरुन्त कारबाई गर्ने बताए ।

यसैगरी वडा नं १९ विन्ध्यवासिनीका अध्यक्ष मुकेश चौरसियाले भने वडाका सार्वजनिक स्थलबाट निस्किएका फोहर

(बाँकी अन्तिम पातामा)

## कोलकाताबाट ३0 हजार मेट्रिक टन मल आउँदै

नितेश कर्ण, वीरगंज, १८ पुस/

भारत सरकारसँग जिटुजी अन्तर्गत खरीद गरिएको ३० हजार मेट्रिक टन युरिया मल कोलकाता बन्दरगाहमा आइपुगेको छ ।



गहुँबालीमा सिंचाइ गर्दै किसान । तस्वीरः प्रतीक



भारतको राष्ट्रिय केमिकल फर्टिलाइजर कम्पनीले सो मल नेपाल पठाउन लागेको हो । कोलकाता बन्दरगाहमा मल आइपुगेपछि अहिले कृषि मन्त्रालय र कृषि सामग्री कम्पनीको टोली मलको गुणस्तर चेकको लागि कोलकाता पुगेको छ ।

पुस १५ गते कोलकाता बन्दरगाहमा आइपुगेको मल प्रक्रिया पूरा गरेर एक हप्तापछि श्रीसिया सुक्खा बन्दरगाहमा आइपुग्ने र कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगंजको गोदाममा भण्डारण हुने कृषि सामग्री कम्पनी लि., वीरगंजका सूचना अधिकारी आलोक कुमारले बताए ।

उनले पाँच वर्षका लागि भारत सरकारसँग जिटुजी अन्तर्गत मल आयातको सम्झौता भएको बताए । अहिले गहुँबालीमा युरिया मल आवश्यक भएको र मल अभावमा कृषकहरू भारतीय व्यापारीहरूसँग बढी मूल्यमा खरीद गर्न बाध्य भएका छन् । गहुँको बीउ छरेको बेला डिएपी मल आवश्यक हुने र २१ दिनपछि सिंचाइ गरेर युरिया मल हाल्नुपर्ने हुन्छ तर किसानहरू अहिले सिंचाइ गरेर मलको प्रतीक्षामा छन् ।

सीमावर्ती क्षेत्रका किसानहरू भारतीय बजारबाट महँगो मूल्यमा युरिया मल खरीद गरेर गर्जो टार्दैछन् । कृषि सामग्री कम्पनीबाट सहकारीहरूले लगेको मल पर्याप्त नभएको र त्यसमा पनि जनप्रतिनिधिहरूले आआफ्नो मानिसलाई मात्र मल दिने गरेको आरोप छ ।

## ढोंगही नदी पनि अतिक्रमणमुक्त हुन्छ -गापाध्यक्ष तिवारी

प्रस, वीरगंज, १८ पुस/

विन्ध्यवासिनी गाउँपालिकाले सार्वजनिक ऐलानी जग्गामा निर्माण



तस्वीरः फाइल

गरिएका भौतिक संरचना भत्काएर बाटो बनाउन शुरू गरेपछि अहिले सो पालिका अन्तर्गतको ढोंगही नदीको सार्वजनिक जग्गा खाली गराउने विषयलाई लिएर जनप्रतिनिधिहरूबीच विवाद शुरू भएको छ ।

गापाले सार्वजनिक ऐलानी जग्गामा बनेका भवनहरू भत्काएर भर्खरै बाटो बनाउन पहल गरेको छ । सार्वजनिक जग्गा खाली गराउने अभियान अन्तर्गत भवनहरू भत्काए पनि भूमाफियाले दुई वर्षअघि ढोंगही नदीको बहाव परिवर्तन गरेर २०औं बिघा सार्वजनिक जग्गा अतिक्रमण गरेको र सोलाई खाली गर्नुपर्ने भन्दै पालिकामा दबाब बढेको छ ।

२०७७ सालमा भूमाफियाले ढोंगही नदीको सार्वजनिक जग्गा अतिक्रमण गर्ने उद्देश्यले नदीको बहाव परिवर्तन गराएका थिए । तत्कालीन जनप्रतिनिधिहरूको आडमा सो कार्य गरिएको थियो । अहिले भूमाफियाहरूले उक्त स्थानमा प्लटिङ गरेर जग्गा बिक्री गर्ने योजना बनाएका छन् । गापाध्यक्ष प्रमोद तिवारीले ढोंगही नदीको धार पूर्ववत् ठाउँबाट बगाउने बताए । उनले यसका लागि वर्तमान पालिका परिषद्बाट पास गराइएको र अहिले भूमाफियाको कब्जामा भएको नदीको जग्गा मुक्त गराउने बताएका छन् ।

भूमाफियाहरूले ढोंगही नदी किनारमा रहेको सार्वजनिक जग्गा अतिक्रमण गर्ने उद्देश्यले २०७६/७७ मा नदीछेउका २० बिघा जग्गा खरीद गरेका थिए । स्थानीय रामनारायण ठाकुरले जग्गा खरीद गरेको र एक वर्षपछि नदीको बहाव परिवर्तन गर्न लगाएका थिए । प्राकृतिकरूपमा बगेको ढोंगही नदीलाई भूमाफियाहरूले बहाव परिवर्तन गरेर त्यहाँको १०औं बिघा सार्वजनिक जमीन कब्जामा गर्ने प्रयास गरेका हुन् ।

यस विषयमा विन्ध्यवासिनी गापाका जनप्रतिनिधिहरू दुई धारमा देखिएका छन् । एक पक्षले पुरानो बहावमा नदी बग्नुपर्ने अडान लिएका छन् भने अर्को पक्षले अहिलेको नदीको बहाव ठीक रहेको तर्क पेश गरिरहेका छन् । ढोंगही नदीको सार्वजनिक जग्गाका कारण विन्ध्यवासिनी गापाका जनप्रतिनिधिहरूबीच विवाद हुँदै आएको छ र वर्तमान गापाध्यक्ष तिवारीले यो विषयलाई कसरी पार लगाउँछन् भन्ने चर्चा छ ।

## मधेस प्रदेशसभाको पहिलो बैठक सम्पन्न
## सभामुखको चुनाव माघ २ गते

प्रस, जनकपुरधाम, १८ पुस/

मधेस प्रदेशसभाको पहिलो बैठक जनकपुरधामस्थित प्रदेशसभाको सभाकक्षमा सोमवार सम्पन्न भयो । सभाका ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

सभालाई सम्बोधन गर्दै मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले सङ्घीयता कार्यान्वयनमा अझै पनि चुनौती रहेको बताए ।

अब आउने नयाँ सरकारलाई प्रदेश प्रहरी भर्ना गर्न चुनौती हुने बताउँदै उनले प्रदेशसभामा सहभागी सबै दल एकमत भएर अगाडि बढ्नुपर्ने विचार व्यक्त गरे । प्रहरी समायोजनको काम अन्तिम चरणमा पुगेको भए तापनि जतिसक्दो छिटो र सफलरूपले कार्यान्वयन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको समन्वयमा प्रदेश सरकारले ध्यान दिनुपर्ने मुख्यमन्त्री गद्दीले बताए ।

आफ्नो बितेको पाँच वर्ष कार्यकालको समीक्षा गर्दै उनले भने, "चुनौतीका बीच प्रदेशसभाबाट प्रदेश प्रहरी ऐन, प्रदेश निजामती ऐन बनाउँदा सबै दलको सहयोग सरकारका लागि महत्त्व राख्दछ । ऐन र नीति तथा कार्यक्रम प्रदेशसभाबाट



तस्वीरः फाइल

पारित गर्न सकारात्मक सहयोग प्राप्त भयो ।"

सङ्घीयता कार्यान्वयनकै लागि सङ्घीय सरकारविरुद्ध दर्जनभन्दा बढी मुद्दा दायर गर्नुपरेको मुख्यमन्त्री गद्दीले स्मरण गरे । देशमा मधेस प्रदेशले मात्र सङ्घीयता टिकाएको दाबी गर्दै मुख्यमन्त्री गद्दीले प्रदेश सांसद एकताबद्ध भएर अगाडि बढे मात्रै सङ्घीयता कार्यान्वयन हुने दोहोऱ्याए ।

स्रोत, साधनको अभावबीच पाँच वर्षको यात्रा निकै कष्टकर भएको मुख्यमन्त्री गद्दीको गुनासो थियो । आफ्नो कार्यकालमा कार्यकक्ष र कर्मचारी अभावले भनेजस्तो काम गर्न नसकेको पनि उनको भनाइ थियो ।

पहिलो बैठकले मधेस प्रदेशसभा सभामुखको निर्वाचन आगामी माघ २

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**जीवन एउटा ठूलो लहर हो, हामीले गर्न सक्ने भनेको यसमा बग्ने, ठूलो हुने र यसलाई आत्मसात् गर्ने मात्र हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# ग्रेगोरियन नयाँ वर्ष


**विश्व सङ्कुचितीकरणको क्रममा छ । यसले गर्दा ईस्वी सनको नयाँ वर्ष पनि हामीले आफ्नै नयाँ वर्ष सरह मनाउने गरेका छौं । हुनत आफ्नै देशमा विभिन्न समुदायले मनाउने फरक फरक नयाँ वर्षबारे पनि हामी बिस्तारै परिचित हुँदै गएका छौं । आफ्नै देशको नेपाल संवत्, उभौली–उँधौली, ल्होसार आदिलाई मान्यता, सर्व–संस्कृति उदारताको अनुपम उदाहरण हो । यद्यपि हामी नयाँ वर्ष बडो हर्षोल्लासका साथ मनाउँछौं, मानौं प्रत्येक नयाँ वर्षले हाम्रो भविष्य सपार्छ नै । देखिएको त के छ भने प्राय: नयाँ वर्षले विनाश नै बढी ल्याएको छ । आजभन्दा एक वर्ष पहिले हामीले सन् २०२२ को स्वागत गरेका थियौं, मानव जातिका लागि शुभ फल दिने आशा गरेका थियौं, तर यसै वर्ष विश्वभरि आर्थिक मन्दी, रूस–युक्रेन युद्धको विभिषिका, बाढी–पहिरोबाट भएको अकल्पनीय मानवीय क्षति, भूकम्पादिको प्रताडना मानव जातिले सहनुपर्‍यो । चार वर्ष पहिले शुरू भएको कोरोनाले जर्जर बनेका साना मुलुकहरूको अर्थ व्यवस्थामा बज्रपात नै भयो । उपरीमाथि थुपरी भनेझैं रूस–युक्रेन युद्धले सानालाई मात्र होइन, ठूला भनिने राष्ट्रहरूको समेत मथिङ्गल खलबल्याइदिएको छ ।**

**तर मानिसमा अपार ऊर्जा छ । जस्तोसुकै विषम परिस्थितिमा पनि ऊ बाँच्न सिक्छ । वर्षैभरि हिउँ जम्ने ठाउँमा पनि मानिस बाँचेकै छ, तीन सय पैंसठ्ठी दिन एक धरो लुगा खपि नसहनु गर्मीमा पनि बाँचेकै छ । घनघोर जङ्गलमा मानिसले आजीविका खोजेकै छ, रछ्यान बटुलेर पनि ज्यान जोगाएकै छ । यसको एक मात्र कारण हो–आशा। भोलि राम्रो हुन्छ भन्ने आशा । राम्रो हुने कुनै लक्षण–सङ्केत नदेखिए पनि मानिसले आस छोडेको हुँदैन । त्यसैले मानिसले सके जति सबै पर्व मनाउँछ । चाड–पर्व, उत्सव, समारोहले मानिसलाई एक दिनको ढाढस दिन्छ, भोलिका लागि आशा जगाउँछ । यसले मनमा कुण्ठा जन्मदैन, केही गर्ने जोश र जाँगर जिउँदो रहन्छ । त्यसैले त आज नेपालमा सत्ता परिवर्तन भएकोमा, पुरानै सत्तासीनको पालो आए तापनि, हाम्रा बहस, गोष्ठी, लेखहरूमा अब अवश्य राम्रो परिवर्तन हुनेछ भन्ने आशय व्यक्त भइरहेका छन् । यो कुरा सबैलाई थाहा छ हिजो अवसर पाएर केही गर्न नसकेको मानिसले आज वा भोलि पनि केही गर्न सक्दैन/गर्दैन । यो थाहा भएको कुरा मानसमा स्थापित भयो भने बाँच्ने सहारा भताभुङ्ग हुन्छ । मानिस अवसादको शिकार हुन्छ ।**

**धर्ममा आस्था, कर्ममा आस्था हुनु नै मानिसको विशेषता हो । धर्म भनेपछि धेरैलाई सम्प्रदायको बोध हुन्छ । तर धर्म त प्राणी मात्रको प्रकृतिप्रदत्त विशेषता हो । आशा, उत्साह, जाँगर, जस्तै परिस्थितिमा बाँच्न सक्ने क्षमता धर्म हो । कर्ममा आस्था भएकोले मानिस सुख्खा मौसममा पनि बीउ छर्छ, धर्ममा आस्था भएकोले कुनै चमत्कारले फसल लहलह गर्छ भन्ने विश्वास पालेर बस्छ । विपरीत परिणाम आउँदा हरि–इच्छा भनेर चित्त बुझाउँछ । त्यस्तो नहुँदो हो त मानिस अनिकालको भयले सोत्तर हुने थियो । अनिष्टको आशङ्काले खङ्रङ्ग हुने थियो । त्यसैले नयाँ वर्ष वा कुनै पनि चाड पर्व, उत्सवलाई मानिसले धार्मिक भावनाले मनाउँछ । नयाँ भनेपछि नयाँ हो । नयाँप्रति मानिसको सनातन आकर्षण छ । नयाँको जन्मले पुरानोको अवसान बिर्सन्छ । मानिस जति जन्ममा खुशी हुन्छ, त्यति अवसानमा दु:खी हुँदैन । यही धर्म हो । त्यसैले मानिसले अस्तित्वकालदेखि विभिन्न विरोधाभासबीच बाँच्न सिकेको छ । नयाँ वर्ष फलदायी होस् !**

# पूँजीवादबाट समाजवाद आउँदैन

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**मानिसको श्रमको ठाउँ यन्त्रले ओगटेको छ । यन्त्रको चरम विकाससँगै बेरोजगारी सङ्ख्या वृद्धि भएको छ । मानिसले गर्दै आएको काम मेशिनले गर्दा श्रमको मूल्य सस्तो भएको छ । उत्पादित वस्तुको उपभोक्ता मूल्य घट्न सकेको छैन । अतिरिक्त मूल्यबाट पूँजीपतिलाई मुनाफा भइरहेको छ ।**

सुशासन, विधिको शासन भनेको द्वन्द्वरहित, शोषणरहित विकसित वातावरण हो । लोकतन्त्र, प्रजातन्त्रको उपयुक्त वातावरण सुशासन हो। सुशासन शान्तिपूर्ण राजनीति हो। सर्वोत्तम शान्ति, सर्वोत्कृष्ट व्यवस्था सुशासन हो । यो आदर्श र कल्पना मात्र हो । वर्तमान तनाव र अशान्तपूर्ण वातावरण कुशासनकै कारण कायम रहेको हो । विश्वमा आसुरी प्रवृत्ति र आसुरी राजनीतिक शक्ति बढिरहेको छ। जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोप, महाविपत्ति वृद्धि हुँदै गइरहेको छ। विश्व यतिखेर युद्धले भन्दा बढी जलवायु परिवर्तनले आक्रान्त छ। यो विश्वव्यापी चुनौती हो । जलवायु परिवर्तन विश्वकै साझा मुद्दा हो, प्राकृतिक युद्ध हो। पृथ्वी साझा घर हो । पृथ्वीभर जलवायु परिवर्तनको डरलाग्दो जोखिम देखिन्छ। जलवायु परिवर्तनले मानिस, पशुपक्षी, रूखबिरुवा, वनस्पति, खेतीपाती, विकास निर्माण सबैमा नकारात्मक प्रभाव पारिरहेको छ । प्राकृतिक प्रकोप, दैवी विपत्तिबाट विश्व नै आक्रान्त छ । वर्तमानमा प्रमुख चिन्ता र चासोको विषय भनेकै जलवायु परिवर्तन बनेको छ । नानाथरीका द्वन्द्व, युद्धबाट जसरी विश्व जोखिममा छ त्योभन्दा बढी कहालीलाग्दो जोखिम जलवायु परिवर्तन बन्दै गइरहेको छ । स्कूल, कलेजमा वातावरण विषय प्राथमिकताका साथ अध्ययन गराइन्छ। भूकम्प, बाढी, पहिरो, डुबान, चटचाङ, आँधीबेहरी, भारी वर्षा, बेमौसमी वर्षा, अनावृष्टि (खडेरी) आदि जलवायु परिवर्तनकै कारण बढेको हो। जलवायु परिवर्तनसँगै वातावरण प्रदूषण एउटा गम्भीर चुनौती हो । भौतिकवादीहरूले नमाने पनि जलवायु परिवर्तन सृष्टि स्थिति, संहारकर्ताको हातमा छ । प्रकृतिको लीला अपरम्पार छ। जलवायु भनेको प्रकृति हो । राजनीतिक परिवर्तनभन्दा बढी वातावरणमा उथलपुथल जलवायु परिवर्तनले ल्याउन सक्दछ। जलवायु परिवर्तनले राजनीतिक व्यवस्थालाई पनि चुनौती दिएको छ । पूँजीवाद वातावरण बिगार्नमा बढी जिम्मेवार देखिन्छ। समाजवादी मुलुकहरू जलवायु परिवर्तनप्रति जति चिन्तित र गम्भीर छन् त्यति पूँजीवादी समाजवादी मुलुकहरू छैनन् । एक वर्षदेखि रूस–युक्रेन युद्ध भीषणरूपमा जारी छ। यस युद्धले जलवायु परिवर्तनमा पनि मदत गरिरहेको छ । जनधन क्षतिको वर्णन गरेर साध्य छैन । युक्रेन युद्धमा सक्दो सहयोग अमेरिकाले गरिरहेको छ। यस युद्धलाई अमेरिका–रूस युद्ध पनि भने हुन्छ । यो तेस्रो विश्वयुद्ध र विनाशको सङ्केत हो। समाजवादी देश भनिने रूसले पूँजीवादी चरित्र प्रदर्शन गरिरहेको छ । युक्रेनी जनताबीच रूस आक्रामक ढङ्गले उत्रिएको छ। उसमा मानवीय करुणा र शान्तिपूर्ण युद्ध नीति देखिएन । युद्धबाट समाधान आउन सक्दैन। युद्धको समाधान भनेको आखिर शान्तिवार्ता नै हो। रूस–युक्रेन युद्धको सवालमा युद्धविराम गराउनु तत्काल दायित्व र जिम्मेवारी बोकेको संयुक्त राष्ट्रसङ्घले गम्भीरतापूर्वक पहल र आवश्यक हस्तक्षेप किन गर्दैन ? विश्वमा न्याय र अन्याय छुट्याउन युएनओले किन चाहेको छैन ? तहसनहस भएपछि पहल गर्नाले मरेपछि औषधि दिए सरह हुन्छ ।

युक्रेन–रूस युद्धलाई क्रान्तिको शान्तिपूर्ण बाटोमा रूपान्तरण गर्नुपर्दछ। जारी रूस–युक्रेन युद्ध कम्युनिस्ट आन्दोलनको रूप होइन, तर विश्व साम्राज्यवाद, पूँजीवादको नाइके अमेरिकाले रूस–युक्रेन युद्धबाट केही सबक त अवश्य सिक्दछ । कम्युनिस्ट पार्टी र कम्युनिस्ट सरकार रहेको रूसले पृथक प्रक्रिया र विशेषता रहेको युक्रेनसँग युद्धमा विश्व इतिहासको सार्वभौम नियम नाघ्न मिल्दैन । रूसले युक्रेनसँग युद्धमा सार्वभौमिकता र विशिष्टताको द्वन्द्वलाई आत्मसात् नगरी यो विषयलाई पर्गेल्न सक्दैन। क्रान्तिको हिंसात्मक बल प्रयोग सम्पूर्ण विश्वको लागि सार्वभौम विषय हो ।

साम्यवादीहरू पूँजीवाद र साम्राज्यवादबाट समाजवादमा सङ्क्रमण शान्तिपूर्ण तरीकाले होस् भन्ने चाहन्छन्। रूसले क्रान्तिको शान्तिपूर्ण विकास र युद्ध विरामको बाटो अँगाल्नुपर्दछ। युक्रेनले पनि अमेरिकी सहयोग र बुई चढेर कहिले युद्ध जित्न सक्दैन । जापानसँग भएको युद्धमा हारेको कारण रूसी सेना पनि त्यतिखेर थकित–गलित थियो । त्यस्तो अवस्था पुन: आउन सक्दछ। अमेरिकाले आफ्ना समर्थक राष्ट्रहरूसँग गठबन्धन गरेर शक्ति सञ्चय गरेको छ। उदीयमान शक्ति चीनका कारण अमेरिकी गठबन्धन कुनै पनि बेला भत्कन सक्छ र अमेरिका सङ्कटमा पर्ने सम्भावना देखिन्छ । रूसी क्रान्तिको शान्तिपूर्ण विकासको सम्पूर्ण आधारहरू खरानी बनाउनुहुँदैन । रूसले युक्रेन युद्धलाई वर्ग सङ्घर्षमा बदल्नुपर्दछ। अमेरिकी साम्राज्यवादविरुद्ध नयाँ ढङ्गले शान्तिपूर्ण सङ्घर्ष गरेर विश्वका अमेरिका विरोधी राष्ट्रहरूलाई समर्थक बनाउन सक्नुपर्दछ। युक्रेन युद्धमा ध्यान केन्द्रित गर्नु रूसको बुद्धिमानी होइन ।

रूस–युक्रेन युद्धविराम गराउन विश्वका सबै राष्ट्रले दबाब चर्काउनु जरूरी छ । अन्तर्राष्ट्रिय परिस्थिति बदलिएर शान्तिपूर्ण सङ्क्रमणको सम्भावना बढ्दैछ । गतिशील चरित्रका कारण समय सञ्चित हुँदैन । समय आउँछ पर्खंदैन । समयलाई रूस र अमेरिकाले गहिरोसँग बुझ्न र बुद्धिमानीपूर्वक द्वन्द्वको समाधान गर्न जरूरी छ । पूँजीवादी संसारलाई समाजवादी संसारमा नबदलेसम्म संसारमा सुखशान्ति हुँदैन । भौतिक उन्नति र प्रगतिमा पनि पूर्ण विराम लाग्न सक्दछ। हालैमात्र आँधीबेहरी र चीसोबाट अति प्रभावित अमेरिकाले आफ्नो ध्यान र सहयोग युक्रेनमा नगरेर जलवायु परिवर्तनका डरलाग्दा घटना न्यूनीकरण गर्न केन्द्रित गर्नुपर्दछ। जलवायु परिवर्तनको प्रभावबाट रूस पनि मुक्त छैन । समाजवादले युद्धलाई शान्तिमा रूपान्तरण गर्न सक्दछ । पूँजीवादी दृष्टिकोण, रणनीति सदैव अशान्ति, द्वन्द्व र आर्थिक सङ्कटको पक्षमा रहन्छ । विश्वमा यतिखेर विनाश हुनकै लागि समाजवाद, पूँजीवादको छाया र ओझेलमा परेको देखिन्छ । वर्तमान विश्वमा राजनीतिक अर्थशास्त्रको ठूलो खाँचो छ । पूँजीवादी राजनीतिक अर्थशास्त्रले भौतिक विकास त गरेको छ तर मानवीय समस्या जर्जर बन्दै आएको छ। पूँजीवादको कुनै सिद्धान्त, नैतिकता, आर्थिक अनुशासन हुँदैन । पूँजीवादी राजनीतिक अर्थशास्त्र एउटा अराजकता हो । पूँजीवादी राजनीतिक अर्थशास्त्रको चौतर्फी आलोचना भइरहेको छ। उत्पीडित जनसङ्ख्याको दिनानुदिन वृद्धि भइरहेको छ। शहरी मध्यम वर्गलाई गरीब बनाउँदै लगिरहेको छ। श्रमजीवी जनताको जीवन झन्झन् कष्टकर बन्दैछ। यो विश्व मण्डलीकरणको समस्या हो । माल (वस्तु) पूँजीवादी आर्थिक प्रणालीको प्रारम्भिक कोष हो। माल भन्नाले मानिसको श्रमशक्तिको प्रयोगबाट मान्छेकै उपयोगको लागि बेचबिखनको उद्देश्यले तयार पारिएको वस्तु बुझिन्छ। यसरी हेर्दा हावापानीजस्ता वस्तु माल हुन सक्दैन । पूँजी (दास क्यापिटल) महान विचारक कार्लमार्क्सको आलोचनात्मक विवेचना गरिएको ग्रन्थको नाम पूँजी हो। समाजवादी र साम्यवादी समाज स्थापना नै त्यसको अनिवार्य परिणाम हो । पूँजीमा पूँजीवादी व्यवस्थाको आर्थिक आधार वस्तु, धन, अतिरिक्त मूल्यको सिद्धान्त, धनको पूँजीमा रूपान्तरण, मजदूरी, पूँजीको सञ्चय एवं पूँजीवादी आदिम सञ्चयको रहस्यको अन्वेषण गरिएको छ । यस आधुनिक, औद्योगिक क्रान्तिको युगमा मानिसहरू कलकारखाना र औद्योगिक मेशिनमा बढी भर पर्दछन् । मानिसको श्रमको ठाउँ यन्त्रले ओगटेको छ। यन्त्रको चरम विकाससँगै बेरोजगारी सङ्ख्या वृद्धि भएको छ। मानिसले गर्दै आएको काम मेशिनले गर्दा श्रमको मूल्य सस्तो भएको छ। उत्पादित वस्तुको उपभोक्ता मूल्य घट्न सकेको छैन । अतिरिक्त मूल्यबाट पूँजीपतिलाई मुनाफा भइरहेको छ । पूँजीवादमा सीमित व्यक्तिहरूसँग अपार सम्पत्ति हुन्छ । बाँकी सबैलाई बिहान–बेलुकाको छाक टार्न कठिन छ। उत्पादन सम्बन्ध पूँजीपतिको हातमा छ। उत्पादन सम्बन्ध सबैको हातमा हुन समाजवादी अर्थतन्त्र हुनुपर्दछ ।

# धानको उत्पादन वृद्धि : चामल आयात घट्यो

–नारायण न्यौपाने

काठमाडौं, १८ पुस/रासस

अघिल्लो वर्षको तुलनामा धान उत्पादनमा वृद्धि भए पनि मुलुकको राष्ट्रिय आवश्यकता धान्न अझै करीब चार लाख ८० हजार मेट्रिक टन चामल कमी हुने देखिएको छ ।

नेपालमा चामलको राष्ट्रिय आवश्यकता करीब ४० लाख मे. टन रहेकोमा ३५,२० हजार मे. टन आन्तरिक उत्पादनबाट उपलब्ध हुने अनुमान छ । पछिल्लो वर्ष धानको समग्र राष्ट्रिय उत्पादन बढेको तथा चामलको आयात घटको अवस्थामा पनि उक्त परिमाणको चामल कमी हुने देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

चामलको उपभोग करीब १२१ केजी प्रतिव्यक्ति प्रतिवर्ष हुने देखिन्छ । यस हिसाबले चामलको आवश्यकता करीब ४० लाख मे.टन चामल रहने देखिन्छ। अघिल्ला आर्थिक वर्षको तुलनामा आव २०७८–८९ मा धान/चामल/कनिकाको आयात भने करीब रु चार अर्ब अर्थात् ६.३ प्रतिशतले घटेको थियो ।

आव २०७८–७९ को पाँच महीना अर्थात मङ्सिरसम्मको तुलनामा ३८.२ प्रतिशतले कमी आएको आँकडाले देखाएको छ ।

यसैबीच मन्त्रालयको तथ्याङ्क अनुसार मुलुकमा चैते र वर्षे गरी १४ लाख ४७ हजार सात सय ८९ हेक्टर क्षेत्रफलमा धान लगाउने गरिएको छ। धान नेपालको प्रमुख खाद्यन्न बाली हो । हाल धानको समग्र राष्ट्रिय उत्पादन ५४ लाख ८६ हजार चार सय ७२ मे.टन र उत्पादकत्व ३.७९ मे.टन प्रतिहेक्टर रहेको मन्त्रालयको प्रारम्भिक अनुमान छ ।



तस्वीर: फाइल

गत आर्थिक वर्ष २०७८–७९ को तुलनामा यस आवमा धानको समग्र क्षेत्रफलमा दुई प्रतिशत कमी आएको देखिएको छ भने उत्पादनमा ६.९४ प्रतिशत वृद्धि भएको छ। समग्र नेपालको, प्रदेशगत र जिल्लागत चैते धान र वर्षे सिजनको धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको सार्वजनिक गरिएको विवरणमा उक्त तथ्याङ्क देखाइएको छ। नेपालमा धानका अत्यन्त लोकप्रिय जात हर्दिनाथ, खुमल, राधा, स्वर्ण सव हुन् ।

धानमा आत्मनिर्भरताका लागि सरकारले स्थानीय तह र प्रदेशको समन्वयमा उत्पादन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । मसिना तथा बास्नादार, चैते र जातीय धान विकास अनुसन्धान कार्यक्रम तथा न्यूनतम समर्थन मूल्य तोकी खरीद गर्ने व्यवस्थालाई प्रभावकारीरूपमा अघि बढाइएको मन्त्रालयको दाबी छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट सहकारीमार्फत तोकिएको न्यूनतम समर्थन मूल्यमा धान खरीदको व्यवस्था गरिएको छ । सरकारले त्यसबापत सहकारीलाई प्रतिक्विन्टल रु ११२ व्यवस्थापन खर्च उपलब्ध गराउँदै आएको छ । हालसम्म सूचीकृत सहकारीबाट करीब ९० हजार मेट्रिक टन धान खरीदका लागि आशय प्राप्त रहेको जानकारी दिइयो ।

प्रदेशगतरूपमा गत आर्थिक वर्षको तुलनामा यस वर्ष सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा करीब ३३.३३ प्रतिशतले धान उत्पादन वृद्धि भएको तथ्याङ्कले देखाएको छ। गत वर्ष बेमौसमी वर्षाका कारण सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा ठूलो क्षति भएको थियो ।

यस वर्ष लुम्बिनी प्रदेशमा १५.२ प्रतिशत, प्रदेश १ मा ५.७२ प्रतिशत र कर्णालीमा ३.४६ प्रतिशत र मधेस प्रदेशमा ०.१८ प्रतिशत उत्पादन वृद्धि भएको छ भने बागमती र गण्डकी प्रदेशमा गत वर्षको तुलनामा क्रमश: १.४५ र ३.७४ प्रतिशत उत्पादन कमी भएको देखिन्छ ।

तराईका जिल्लामा रासायनिक मलको उपलब्धता, उन्नत बीउको प्रयोगमा वृद्धि र स्थानीय तहसम्म कृषि प्राविधिको पहुँचले धान उत्पादनमा यस वर्ष सामान्य वृद्धि भएको मन्त्रालयको भनाइ छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# सेवाप्रवाहमा गुनासो नआउने गरी काम गर्न गृहमन्त्रीको निर्देशन

काठमाडौं, १८ पुस/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले सेवाप्रवाहमा नागरिकको गुनासो नआउने गरी चुस्त बनाउन निर्देशन दिएका छन् ।


तस्वीरः एजेन्सी

प्रमुख जिल्ला अधिकारी तथा जिल्लाका सुरक्षा प्रमुखसहितका पदाधिकारीको भर्चुअल बैठकलाई आज गृह मन्त्रालयबाट सम्बोधन गर्दै उनले जनताबाट गुनासो नआउने गरी सेवाप्रवाह गर्न तथा शीतलहरलगायत विपद्जन्य घटनाबाट नागरिकको सुरक्षा गर्न निर्देशन दिएका हुन् ।

ललितपुरका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले गृह प्रशासनको सेवाप्रवाह चुस्त पार्न, जाडो बढेसँगै शीतलहर तथा अन्य प्राकृतिक विपद्जन्य घटनाबाट नागरिकको जीउज्यान जोगाउने गरी काम गर्न निर्देशन प्राप्त भएको जानकारी दिए । गृहमन्त्री लामिछानेले शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राख्न तथा अपराध नियन्त्रणमा कुनै सम्झौता नगर्न पनि भनेको उनले बताए ।

"सुशासन, सेवाप्रवाह, भ्रष्टाचार नियन्त्रण, अवैध चोरी नियन्त्रण तथा विपद् व्यवस्थापनकै विषयमा मन्त्रीज्यूबाट आवश्यक निर्देशन भएको छ," बैठकमा सहभागी काठमाडौंका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले थपे, "संक्षिप्त निर्देशनमा मन्त्रालयबाट गर्नुपर्ने काम भए लिखितरूपमा ल्याउन पनि भन्नुभएको छ ।"

उपाध्यायका अनुसार गृहमन्त्रीले तराईमा शीतलहर र उच्च हिमाली जिल्लामा हिमपातका कारण हुने जोखिम न्यूनीकरणका लागि तयारी अवस्थामा रहन पनि प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएका छन् । गृहमन्त्री लामिछानेले बढ्दो चीसोका कारण कुनै पनि नागरिकले ज्यान गुमाउने परिस्थिति बन्न नदिन एवं विपद् व्यवस्थापनका तयारीमा आवश्यक समन्वय तथा व्यवस्थापनमा मन्त्रालयले पहल गर्ने जानकारी पनि गराएको उनको सचिवालयले जनाएको छ ।

गृहमन्त्रीले नागरिकका गुनासो तथा समस्यालाई सधैं उच्च प्राथमिकतामा राखेर सेवा दिन, सेवामा सहज पहुँच विस्तार, प्रविधिमैत्री र सद्भावपूर्ण व्यवहार अपनाउन पनि आग्रह गरेका छन् । सुशासनलाई ध्यानमा राखेर भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउन आफू र आफ्नो पार्टी प्रतिबद्ध रहेकाले कुनै पनि व्यक्ति वा संयन्त्रको दबाब र प्रभावमा नपर्न पनि उनले मातहतका अधिकारीलाई निर्देशन दिए ।

नागरिकले राज्यबाट पाउने सेवामा ढिलासुस्ती, झन्झटिलो र रूखो व्यवहार भोग्नुपर्ने गुनासो आजैदेखि हटाउन पनि गृहमन्त्रीले भनेका छन् । यसका साथै मुलुकभर मिटरब्याजीको मारमा परेका नागरिकले अझै न्याय नपाएको गुनासो गरिरहेकाले यसप्रति पनि आफ्नो ध्यानाकर्षण भएको उनले बताए ।

जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतका सेवाका साथै प्रहरीमार्फत हुने शान्ति सुरक्षालगायत नियमित सेवा प्रवाहलाई समेत चुस्तदुरुस्त बनाउन पनि उनले निर्देशन दिएको प्रजिअ उपाध्यायले जानकारी दिए ।

# देश र समाजको विकासमा परिवर्तन ल्याउँछु- मन्त्री साह

प्रस, जीतपुर, १८ पुस/

विनाविभागीय मन्त्री ज्वालाकुमारी साहले देश र समाजको विकासमा परिवर्तन ल्याउने बताएकी छन् ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै उनले जनताको साथ, सहयोग र न्यानो मायाका कारण आफू तीनपटक मन्त्री बन्न सफल भएको बताइन् । मन्त्री साहले कर्ममा निरन्तर लागिरहे अवश्य सफलता पाइने बताइन् ।

कार्यक्रममा समाजसेवी मदनबहादुर क्षत्रीले मन्त्री साहको मेहनत र परिश्रमको फलका कारण तीनपटक मन्त्री भएको बताए ।

जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा सानै


तस्वीरः सौजन्य

उमेरमा तीनपटक मन्त्री भएकामा मन्त्री साहको प्रशंसा गरे । कार्यक्रममा सिमरा सेवा केन्द्रकी प्रभारी ब्रह्माकुमारी मधु दिदीले मन्त्री साहको सम्मान गरेकी थिइन् ।

कार्यक्रममा उद्घोष ब्रह्माकुमारी ममता र स्वागत ब्रह्माकुमार परमेश्वर रामकाजीले गरेका थिए ।

# चिसोले जम्न थाले मनाङका नदीनाला

मनाङ, १८ पुस/रासस

यस वर्ष मनाङमा हिमपात नभए पनि अत्यधिक चिसो बढेको छ । चिसोले गर्दा यहाँका तालतलैया, शाखा नदी, सिंचाइ कुलो, घरका धारा र सेफ्टी ट्याक्ती क्रमशः जम्न थालेका छन् ।

चिसोले यहाँको दैनिकीमा प्रतिकूल असर परेको छ । हिउँदयाममा चिसोका कारण ङिस्याङ गाउँपालिका-९ तिलिचो ताल, गङ्गापूर्ण ताल, आइस लेक, पोक्तर, ड्रोनालगायतका तालतलैया पूर्णरूपमा जमेका छन् ।

समुद्री सतहदेखि चार हजार नौ सय १९ मिटर उचाइमा रहेको तिलिचो ताल चार दशमलव आठ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचोमा अहिले पानी जमेको छ । अहिले मर्स्याङ्दी नदीको पानी जमेको छ ।

यसैगरी चिसोका कारण शाखा नदी बरफ बनेका छन् । "घरका धारा र सेफ्टी ट्याक्ती पानी जम्दा यहाँको जनजीवन कष्टकर बनेको छ", प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गेल खनालले भन्नुभयो, "चिसो सिरेटोले बाहिर निसक्न मुस्किल भएको छ, स्थानीय आगो बालेर घरभित्र बस्ने गरेका छन् ।"

उहाँका अनुसार खानेपानीका धारा जम्दा स्थानीयले कुलोको बरफ भएको पानी तताएर दैनिक प्रयोजनमा उपयोग गर्ने गरेका छन् । चालु वर्षको पुसको आधा बितिसक्दासमेत हिउँ परेको छैन । यद्यपि हिमपात नभए पनि माथिल्लो मनाङमा बिहान र बेलुकीको तापक्रम माइनस २० डिग्रीसम्म पुग्ने गरेको बताइएको छ ।

चिसोकै कारण माथिल्लो मनाङका नागरिक निर्वाचन सकाएर जाडो छल्न बेँसी झरिसकेका छन् । मनाङका सामुदायिक तथा गुम्बा विद्यालय पनि घुम्तीका लागि बेँसी झरेका छन् ।

# अफ्रिकन स्वाइन फिवरले दुई हजार सात सय बढी बङ्गुर मरे

चितवन, १८ पुस/रासस

जिल्लामा पशुपालक किसानका दुई हजार ७४२ बङ्गुर अफ्रिकन स्वाइन फिवरका कारण मरेका छन् । यसबाट रु पाँच करोड ८९ लाख ८५ हजारको क्षति भएको छ । यहाँका नौवटा कृषि फर्ममा रहेका बङ्गुर मरेका हुन् । रोगले १८७ वटा बङ्गुर अझै बिरामी छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र भरतपुरका सूचना अधिकारी डा प्रभात न्यौपानेका अनुसार एक हजार ८११ वयस्क र ९३१ पाठापाठी बङ्गुर छन् । यस्तै, बिरामी परेकामध्ये १२८ वयस्क र ५९ पाठापाठी रहेको कार्यालयले जनाएको छ । अफ्रिकन स्वाइन फिवर घरपालुवा सुङ्गुर, बँदेल, बङ्गुर प्रजातिमा भाइरसबाट लाग्ने उच्च मृत्युदर भएको अति खतरनाक सरुवा रोग हो । यो रोग नेपालमा पहिलोपटक विसं २०७९ जेठ २ गते पुष्टि भएको हो । रोग सङ्क्रमित सुङ्गुर र बङ्गुरबीच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको र्‍याल, मलमूत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण खोरमा काम गर्ने कामदार र सङ्क्रमित खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ता चप्पल आदि प्रयोग गर्दा सर्न सक्ने न्यौपानेले जानकारी दिए ।

यो रोग लागेका बङ्गुर एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा नीला डाम देखा पर्ने, कानका टुप्पामा रगत जमेका धब्बा देखिने, नाकबाट फिँज निकाल्ने, रोग सङ्क्रमित सुङ्गुर, बङ्गुरलाई उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, झोक्राउने र दानापानी खान छोड्ने, बान्ता गर्ने, छटपटाउने, चाल धरमराउने, बच्चा तुहिने जस्ता लक्षण देखा पर्ने केन्द्रले जनाएको छ । यो रोगबाट बच्न बङ्गुरपालन गर्दा खोरमा थुनेर पाल्ने, बङ्गुरको खोरमा अनावश्यक मानिसको आवतजावत रोक्ने, बङ्गुर फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्ने जस्ता उपाय अपनाउनुपर्ने कार्यालयले जनाएको छ । बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सीधैं फार्ममा रहेका बङ्गुरसँग नमिसाइ २१ दिन क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएपछि मात्र बथानमा मिसाउने, बङ्गुरको खोर फार्म र फार्म वरिपरि नियमित सरसफाइ गरी चुना, फिनेल, फर्मालिन, ब्लिचिङ पाउडर आदिले निस्सङ्क्रमण गर्ने, रोग लागेका बङ्गुरलाई बथानबाट छुट्याएर अलग राख्ने जस्ता कार्य गर्दा क्षति कम हुने न्यौपानेको भनाइ छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, १८ पुस/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि दोहोरो अङ्कले उकालो लागेको छ । पछिल्ला दिनमा लगातार उकालो लागेको नेप्से परिसूचकले आज पनि त्यही लय पछ्याएको हो ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १७ दशमलव ५६ अङ्कले उकालो लागेर दुई हजार ६३ दशमलव ८३ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८८ अङ्कले उकालो लागेर ३९४ दशमलव ८९ अङ्कमा पुगेको छ ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने १० उपसमूहको शेयर मूल्यवृद्धि भएको छ । कारोबार भएकामध्ये १६५ कम्पनीका शेयर मूल्य वृद्धि भएको हो । यस्तै, ३९ कम्पनीको शेयर मूल्यमा गिरावट आउँदा सात कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएन ।

कुल ८२ लाख ७१ हजार ३५५ कित्ता शेयर रु दुई अर्ब ९६ करोड नौ लाख २७ हजार ४४० मूल्यमा खरीद-बिक्री भए । कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु १६ करोड ८४ लाख ५१ हजार २८२ बराबरको कारोबार भयो ।

यस्तै, हिमालयन डिस्टिलरीको रु १६ करोड ६४ लाख ८२ हजार ३०३, एनआइसी एशिया बैंकको रु ११ करोड १४ लाख ५५ हजार, नेपाल दूरसञ्चार कम्पनीको रु आठ करोड ३५ लाख ८५ हजार ९१५ र युनिभर्सल पावरको रु सात करोड ९२ लाख ३४ हजार बराबरको शेयर कारोबार भएको छ ।

नेप्सेका अनुसार उकालो लागेको बजारमा तीन कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । ती कम्पनीमा धौलागिरि लघुवित्त, सिर्जनशील लघुवित्त र खप्तड लघुवित्त रहेका छन् । ती कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भयो । यस्तै, अजोड इन्स्योरेन्स नौ दशमलव ९८ र प्रभु इन्स्योरेन्सका लगानीकर्ताले नौ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, एनएमबीका ५० लगानीकर्ताले चार दशमलब ८० प्रतिशतले गुमाए भने नेपाल दूरसञ्चार कम्पनीको चार दशमलव शून्य एक, नेपाल इन्भेस्टमेन्ट बैंकको ऋणपत्र तीन दशमलव ९६, नेपाल बैंक लिमिटेडको दुई दशमलव ५६ र तेन्हथुम पावर कम्पनीका लगानीकर्ताले दुई दशमलव ४५ प्रतिशतले गुमाएका छन् ।


पर्साको जीराभवानी गाउँपालिका-३ परसवाका बालबालिकाहरु नयाँ वर्षको अवसरमा पिकनिक मनाउन सामल बोकेर जाँदै । तस्वीर: ओमप्रकाश चौधरी

# नक्कली स्टिकरसहित दुईजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १८ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले आन्तरिक राजस्व विभागको नक्कली स्टिकरसहित दुईजनालाई पक्राउ गरेको जनाएको छ ।

बारा, विश्रामपुर गाउँपालिका-५ घर भई हाल वीरगंज महानगरपालिका-१५ बस्ने २७ वर्षीय मनीषकुमार साह तेली र २५ वर्षीय रञ्जनकुमार रामलाई नक्कली स्टिकरसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ ।

प्र.२-०३-००८ प २६६९ नम्बरको मोटरसाइकलमा चढेर भारत, रक्सौलबाट वीरगंजतर्फ आइरहेका दुवैजनालाई वीरगंज-१६ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरूको साथबाट आन्तरिक राजस्व विभागको लिक्युर २५ युपी ३७५ एमएल लेखिएको नक्कली स्टिकर ३९ थान र छायाकपी एक पाना बरामद भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवैजनालाई पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थमाइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पेस्तोलसहित भारतीय नागरिक पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १८ पुस/

बाराको पचरौता नगरपालिका-४ गुलरिया सीमा क्षेत्रबाट पेस्तोलसहित एकजना भारतीयलाई पक्राउ गरिएको सशस्त्र प्रहरी, बाराले जनाएको छ ।

भारतको पूर्वी चम्पारण, मोतिहारीका ४० वर्षीय चन्दन कुमारलाई सशस्त्र प्रहरी बल नेपाल नं १२ गण बाराले पेस्तोल र सात राउन्ड गोलीसहित पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

भारतबाट नेपालतर्फ आउँदै गरेका चन्दनलाई चेकजाँच गर्दा मोडल नं २०२२ आरएफआईको एउटा पेस्तोल तथा सोको एउटा म्याग्जिन र होसटाइलभित्र राखिएको चार राउन्ड गोली बरामद भएको प्रहरीले जनाएको छ । उनको साथबाट भारु ११ हजार, तीनवटा भारतीय आधार कार्ड र मोबाइल बरामद भएको सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले बताए ।

पक्राउ परेका चन्दनलाई इलाका प्रहरी कार्यालय, सिम्रौनगढमा बुझाइएको सप्रनाउ थापाले बताएका छन् ।

# अधिकारीचौर गाउँ अर्थात् 'तरकारी गाउँ'

–डम्मर बुढामगर
ढोरपाटन, १८ पुस ⁄ रासस

अधिकारीचौर गाउँ अर्थात् 'तरकारी गाउँ' । गाउँभरि प्लास्टिकका टनेल । टनेलभित्र लटरम्म फलेका गोलभेंडा, फक्रिएका बन्दा र काउली । एक दशक अगाडिसम्म गहुँ, जौ, धान र मकै फल्ने अधिकारीचौरका खेतीयोग्य जमीनमा अहिले तरकारीखेती भइरहेको छ । अहिले ती बारीमा सेताम्मे प्लास्टिकका टनेल छन् । पहिले गहुँ, मकै उत्पादन गरेर परिवार पाल्न गाह्रो हुने किसान अहिले लाखौं रुपियाँ आम्दानी गर्दै आएका छन् ।

ढोरपाटन नगरपालिका–५ मा पर्ने अधिकारीचौर र नाथुरी गाउँका अधिकांश नागरिक तरकारी खेतीमा आबद्ध छन् ।

विसं २०७५ देखि गाउँलेले शुरू गरेको व्यावसायिक तरकारी खेतीले अहिले ठूलो रूप लिएको छ । कृषकले तरकारी खेती विस्तार गरेपछि गाउँका बाँझो जमीन पनि प्रयोगमा आएको छ ।

युवाले रोजगार पाएका छन् । गाउँमा २२० घर परिवार छ । उनीहरू सबै तरकारी खेतीमैं आबद्ध छन् । यहाँ प्लास्टिक टनेल नहालेको कुनै परिवार छैन । बुर्तिबाङ बजार नजीकै रहेको अधिकारीचौर तथा नाथुरी गाउँका अधिकांश नागरिक तरकारी खेती गर्दै आएका छन् ।

बजारीकरणको समस्या नभएको हुँदा यहाँका कृषकले वार्षिक न्यूनतम एक लाखदेखि पाँच लाख रुपियाँसम्म आम्दानी गर्दै आएको स्थानीय कृष्णलाल कँडेलले बताए ।

कँडेलले गाउँका स्थानीयमा उद्यम गर्नुपर्छ भन्ने सोच विकास भएपछि अधिकारीचौर र नाथुरीगाउँ 'तरकारी गाउँ'का रूपमा विकास भएको बताए । पछिल्लो समय यहाँ तरकारीखेती फस्टाउँदै गएपछि गाउँले नै यसतर्फ आकर्षित भएको उनी बताउँछन् ।

"गाउँलेलाई पहिले बारीमा उत्पादन भएको धान, मकै र गहुँले खान पुग्दैनथ्यो, अहिले यहाँका कोही पनि नागरिकलाई किनेर खानुपर्ने अवस्था छैन, सबैको बारीमा तरकारी फलेको छ, पैसा चाहिए एक डोका तरकारी बजारमा लगेर बेचे भइहाल्छ, केही होलान् गाउँमा तरकारी खेती नगरेका तिनीहरू पनि तरकारी खेतीमा जोडिँदैछन्"–कँडेलले भने–"अहिले यो गाउँमा टनेल नबनाएको घर नै छैन, तरकारी खेतीले दैनिकी फेरिएको छ ।"


तस्वीरः प्रतीकात्मक

व्यावसायिक तरकारी खेतीले जीवनशैली नै बदलिएको कँडेलको भनाइ छ । उनले उत्पादित तरकारीले पनि राम्रो बजार पाएको भन्दै कृषक थप उत्साहित भएर लागेको बताए । तरकारी खेती गर्न कृषि ज्ञान केन्द्रले पनि राम्रो सहयोग गर्दै आएको उनी बताउँछन् । गाउँमा खाली जग्गामा पनि बिस्तारै तरकारी खेती हुन थालेको कँडेलको भनाइ छ ।

"विगतमा यहाँका जनताको अवस्था कस्तो थियो, अहिले कस्तो भयो हामी चकित पर्छौं, लगनशीलता र परिश्रमले जीवन फेरिंदोरहेछ, पहिले धेरैले मजदूरी गरेरै जीविकोपार्जन गर्नुपर्थ्यो, अहिले आफ्नै बारीमा पैसा फलेको छ"–उनले भने–"बजारको समस्या छैन, गाउँमैं मोटरबाटो आएको छ, त्यसले गर्दा व्यापारीबारीमैं तरकारी खरीद गर्न आउँछन् ।"

स्थानीय जनकराज पाण्डेले तरकारी खेतीबाट वार्षिक तीन लाख बढी आम्दानी गर्ने गरेको बताए । आफ्नो बारीमा ११ वटा अस्थायी, एउटा स्थायी टनेल निर्माण गरेर तरकारी खेती गर्दै आएको पाण्डेको भनाइ छ । कृषि ज्ञान केन्द्र बागलुङले तीन लाख सहयोग गरेको भन्दै त्यसबाट तरकारी खेती विस्तारमा ठूलो राहत मिलेको उनी बताउँछन् ।

पाण्डे भन्छन्–"मेरो तरकारी फार्म केही लेकमा पर्छ, टनेलमा खेती गर्दा राम्रै उत्पादन हुँदो रहेछ, मैले बाह्रवटा टनेलमा तरकारी खेती गरेको छु, वार्षिक तीन लाख आम्दानी हुने गरेको छ, गाउँमा अरू किसानले पनि राम्रो आम्दानी गरेका छन्, पहिले यस्तो तरकारी खेती गर्ने चलन थिएन, मोटरबाटो आएपछि मात्रै यसरी व्यावसायिक खेती हुन थालेको हो ।"

कृषकले उत्पादन गरेको तरकारीले उचित मूल्य पाउन नसकेको पाण्डेले गुनासो गरे । उनले बजारको समस्या रहेको हुँदा व्यापारीले भनेकै मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहेको बताए । पाण्डेले हिउँदका समयमा तरकारी बजार पुर्‍याउन सहज भए पनि बर्खामा ठूलो समस्या पर्ने बताए ।

"यहाँ उत्पादन भएको तरकारी सबै बुर्तिबाङ बजारमा पुर्‍याउँछौं, बजारमा भारतबाट आएका तरकारीले गर्दा हामीले उत्पादन गरेको तरकारी कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था छ, व्यापारीले भनेको मूल्यमा दिनुपर्ने अवस्था छ"–उनले भने–"खोलामा पुल छैन, बर्खाको समयमा डोकोमैं बोकेर बजार पुर्‍याउनुपर्ने अवस्था छ, असार लाग्यो भने बाटो बन्द हुन्छ, असोज कात्तिकसम्म बोकेरै बजार पुर्‍याउनुपर्छ ।"

स्थानीय शालिकराम कँडेलले तरकारी खेती गरेपछि आर्थिक समस्या भोग्नु नपरेको बताए । तरकारी खेतीबाट परिवार चलाउन सहज भएको उनी भन्छन् । उनले कृषि ज्ञान केन्द्रबाट चार लाख अनुदान प्राप्त भएको भन्दै त्यसबाट टनेल व्यवस्थापन गरी थप खेती विस्तार गरेको बताए । ज्ञान केन्द्रले सहयोग गरे पनि ढोरपाटन नगरपालिकाबाट अहिलेसम्म सहयोग प्राप्त नभएको उनको भनाइ छ ।

कँडेल भन्छन्–"सिङ्गो गाउँ नै तरकारी खेतीमा लागेको छ, तर हामीलाई नजीकको सरकार (नगरपालिका) ले सहयोग गरेको छैन, किसानका थुप्रै समस्या छन्, केही सहयोगको अपेक्षा त हुँदो रहेछ तर भएन, तरकारी खेतीले गर्दा सानोसानो रकम कसैलाई माग्न परेको छैन, परिवार सजिलैसँग चलाउन सकिएको छ ।"

अधिकारीचौर र नाथुरी गाउँ तरकारी खेतीका लागि उर्वर भूमि रहेको हुँदा कृषक पनि सक्रिय भएर लागेका छन् ।

गाउँका सबै स्थानीय तरकारी खेतीमा आबद्ध हुँदा गाउँमा वार्षिक ५० लाख बढी भित्रिने गरेको छ । कृषकलाई समयसमयमा परामर्श, तालीम तथा आवश्यक अनुदानसमेत दिंदै आएको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिए ।

उनले यहाँका कृषकले निकै मेहनतका साथ तरकारी खेती गरेको बताए । यहाँको माटो र वातावरण तरकारी खेती सुहाउँदो भएको हुँदा उत्पादन पनि राम्रो हुने गरेको भट्टराई बताउँछन् । कृषि ज्ञान केन्द्रले यहाँ तीन सयभन्दा बढी प्लास्टिक टनेल निर्माण गरिदिएको उनले बताए ।

"अधिकारीचौरका किसानलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण प्रयोजना अन्तर्गत व्यावसायिक कृषि उत्पादन केन्द्र तरकारी ब्लकबाट दुई वर्षमा ५० लाखको सहयोग गरिसकेका छौं, यहाँका धेरै किसान तरकारी खेतीमा आबद्ध छन्"–भट्टराईले भने–"उहाँहरू निकै मेहनतका साथ लाग्नुभएको छ, ज्ञान केन्द्रको सहयोगले उहाँहरूलाई ठूलो राहत पुगेको छ ।"

# तीन महीनादेखि फरार वडाध्यक्ष श्रेष्ठले आत्मसमर्पण गरे

प्रस, निजगढ, १८ पुस ⁄

निजगढ नगरपालिका–२ सिगौलका वडाध्यक्ष राजु भनिने राजन श्रेष्ठ तीन महीनापछि प्रहरी नियन्त्रणमा परेका छन् ।

उनीमाथि सोही वडाकी छिमेकी १५ वर्षीया बालिकालाई असोज १९ गते दशैंको टीकाको दिन जबरजस्ती करणी गरेको किटानी जाहेरी परेपछि फरार भएका थिए ।

बालिका वडाध्यक्ष श्रेष्ठको घरमा आएको मौका छोपी राति करीब ८ बजे जबरजस्ती करणी गरेको भन्दै छ दिनपछि असोज २५ गते किटानी जाहेरी इलाका प्रहरी कार्यालयमा दिइएको थियो ।

किटानी जाहेर परेपछि वडाध्यक्ष सम्पर्क बाहिर रहँदै आएका थिए । प्रहरीले पटक–पटक वडाध्यक्ष श्रेष्ठ लुकीछिपी बस्न सक्ने सम्भावित स्थान र घरहरूलाई विशेष निगरानी राख्दै आएको थियो र हिजो आइतवार राति करीब ८:३० उनी इलाका प्रहरी कार्यालय, निजगढको सम्पर्कमा आएको इलाका प्रहरी कार्यालय, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक सञ्जीव ओलीले बताए ।


तस्वीरः प्रतीक

घटनापछि वडाध्यक्ष लुक्दैछिप्दै आएको र पछिल्लो समय निजगढमा बस्दै आएको सूचना प्राप्त भएसँगै उनी बस्ने सक्ने स्थान र कतै जान सक्ने सम्भावित स्थानलाई निगरानी र प्रहरीले गतिविधि बढाएसँगै उनी आफैं प्रहरी कार्यालयको सम्पर्कमा आउन बाध्य भएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए ।

वडाध्यक्ष श्रेष्ठ स्वयं आफैं प्रहरीको सम्पर्कमा आएकाले प्रहरीलाई अनुसन्धान गर्ने बाटो खुलेको प्रवक्ता थापाले बताए । प्रहरी अनुसन्धान सम्पन्न भएसँगै सरकारी वकीलको कार्यालयमा पेश गरिएको र सोमवार उनलाई बारा जिल्ला अदालतबाट अनुसन्धानका लागि पाँच दिनको म्याद थप भएको इप्रका निजगढले जनाएको छ ।


**जोखिम मोलेर अरुण नदी तर्दै** : सङखुवासभाको खाँदबारी नगरपालिका –९, तुम्लिङटारस्थित लम्सुवाघाटमा पक्की पुल नहुँदा डुङ्गामा जोखिम मोलेर अरुण नदी तर्दै भोजपुरको षडानन्द नगरपालिका–६, मच्छेटारका विद्यार्थी । तस्वीरः रासस

## फरक समाचार

# एशियाको पहिलो हाइड्रोजन रेल शुरू

चीनले वातावरणमैत्री हाइड्रोजन रेलको शुरूआत गरेको छ । हाइड्रोजन रेल चलाउने चीन एशियाको पहिलो देश हो । प्रदूषणमुक्त यस रेलका थुप्रै विशेषता



छन् । एकपटक हाइड्रोजन इन्धन भरेपछि यो रेल सजिलै कमसेकम छ सय किलोमिटरको यात्रा गर्न सक्षम हुन्छ ।

चीनको शहरी रेलवेको लागि एशियाको पहिलो हाइड्रोजन सञ्चालित रेलको गति भारतको शताब्दी र राजधानी एक्सप्रेस रेलसरह हुनेछ । यो रेल १६० किलोमिटर प्रतिघण्टाको गतिले ट्र्याकमा दौडिन्छ । चीनको सिआरआरसी कर्पोरेशन लिमिटेडले देशको पहिलो अर्बन हाइड्रोजन रेल सञ्चालन गरेको हो । हाइड्रोजन इन्धनबाट चल्ने यो रेल एशियाको पहिलो रेल हो भने विश्वकै दोस्रो रेल हो । यसभन्दा पहिले जर्मनीले संसारको पहिलो हाइड्रोजन रेल शुरू गरेको थियो ।

रेललाई फक्सिङ हाइ–स्पीड प्लेटफर्मको आधारमा विकसित गरिएको छ । चीनमा हाइड्रोजन ट्रामको प्रोडक्शनको काम सन् २०१० मा शुरू भएको थियो । सिआरआरसीले सन् २०२१ मा शटिङ लोकोमोटिभ पनि शुरू गरेको थियो । यस रेलमा मोनिटरिङ सेन्सर, फाइभजी डाटा ट्रान्समिशन इक्विपमेन्ट्स छ । हाइड्रोजन रेल चलेपछि हरेक वर्ष कमसेकम १० टन डिजेल र कार्बन डाइआक्साइड इमिशन कम हुनेछ । रेल पूर्णरूपमा वातावरणमैत्री छ ।

# चीसो भगाउन अन्डा सेवन गरौं

अहिले चीसो निकै बढेको छ । चीसोमा न्यानो कपडा र स्वस्थकर खानेकुरा खाएर जोगिन सकिन्छ । जाडोमा अन्डाले निकै फाइदा पुर्‍याउँछ किनभने अन्डामा थुप्रै पोषक तत्त्व हुन्छ । एउटा रिपोर्ट अनुसार अन्डा प्रोटिनको सबैभन्दा राम्रो स्रोत हो । एउटा अन्डामा छ ग्राम प्रोटिन हुन्छ । प्रोटिनको प्रयोग हाम्रो शरीरले एन्टिबडी बनाउन प्रयोग गर्छ, एन्टिबडीले शरीरमा सम्पूर्ण प्रकारको सङ्क्रमणबाट जोगाउन मदत गर्छ ।



अन्डामा राम्रो मात्रामा स्वस्थकर फैट पाइन्छ । यसले हाम्रो शरीरको वजन नियन्त्रित गर्छ भने कोशिकाको विकासमा महत्त्वपूर्ण योगदान दिन्छ । जाडोमा हाम्रो शरीर गर्म भयो भने शरीरमा रोग लाग्दैन । त्यसैगरी अन्डामा भिटामिन डी पनि पाइन्छ । जाडोमा घाम कम लाग्ने हुनाले भिटामिन डीको कमी पूरा गर्न अन्डा सेवन गर्न सकिन्छ । एउटा अन्डा खानाले भिटामिन डीको दैनिक आवश्यक १० प्रतिशत पूरा हुन्छ । त्यस्तै अन्डामा भरपूर मात्रामा जिङ्क, भिटामिन बी ६ र बी १२ हुन्छ, यसले हाम्रो इम्युन सिस्टम मजबुत गर्छ । रूघाखोकी, सिजनल फ्लु, ब्याक्टेरिया र भाइरल इन्फेक्शनबाट बचाउँछ ।

तर अन्डाको सेवन निश्चित मात्रामा गर्नुपर्छ । बढी अन्डा खाएपछि थुप्रै समस्या हुन्छ । त्यस्तै तपाईं कुनै रोगबाट ग्रसित हुनुहुन्छ भने अन्डा सेवन गर्नुभन्दा पहिले चिकित्सकसँग सल्लाह लिनुपर्छ । अन्डा सेवन गरेपछि कुनै किसिमको समस्या भए खानुहुँदैन ।

यसैगरी अन्डाले दिमागको क्षमता बढाउँछ भने आँखामा फाइदा पुर्‍याउँछ । मांसपेशीको निर्माण चाँडै हुन्छ । गर्भावस्थामा अन्डा निकै लाभकारी हुन्छ । अन्डाले हाडलाई मजबुत बनाउँछ भने तनाव टाढा भगाउँछ । अन्डाले क्यान्सरको खतरा कम गर्छ । काँचो अन्डा कपालको लागि निकै फाइदाजनक हुन्छ । अन्डाको सेतो भाग डन्डीफोर आउँदा लगाएमा निको हुन्छ ।

# तरकारी काट्ने र धुने उपाय

यतिबेला बजारमा थरीथरीको हरियो सागपात बेक्रिभइरहेको छ । हामी कुनै तरकारी काटेर धुन्छौं भने कुनै तरकारीलाई धोएर काट्छौं । तरकारीमा थुप्रै प्रकारका हानिकारक कीटनाशक औषधि छर्किएको हुन्छ । मौसममा पाइने तरकारी हामीले सेवन गर्नुपर्छ । बोक्रासहित तरकारी खाने प्रयास गर्नुपर्छ किनभने यसमा हुने फाइबरले कब्ज हटाउँछ ।



आजभोलि बजारमा पाइने तरकारीमा विभिन्न किसिमको हानिकारक कीटनाशक छर्किएको हुन्छ । यसैले काट्नुभन्दा पहिले तरकारीलाई पाँच मिनेटसम्म तातो पानीमा डुबाएर राम्ररी धुनुपर्छ । जाडोमा पाइने पालक, तोरी, बथुवा, सोया, मेथी, चम्सुर, गाजर, मूला आदिलाई काटेर धुनुहुँदैन किनभने यसमा मौजुद पोषक तत्त्व पानीको साथमा जान्छ । यसैले काट्नुभन्दा अघि राम्ररी धुनुपर्छ । हरियो तरकारीलाई धेरै समयसम्म पकाउनु हुँदैन, यसो गर्दा त्यसमा रहेको मिनरल्स नष्ट हुन्छ । तर गाजरलाई धेरै बेरसम्म पकाउँदा त्यसमा मौजुद पोषक तत्त्व लाइकोपिनको मात्रा बढ्छ । उसिनेको आलु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ ।

भनिन्छ तरकारीलाई जति मसिनो काट्यो त्यति त्यसको पोषक तत्त्व कम हुन्छ । पकाउनुभन्दा एक दुई घण्टा पहिले तरकारी काट्नुपर्छ वा मसिनो गरेर तरकारी काट्नुहुन्छ भने यसको स्वाद हराउँछ । त्यस्तै मसिनोगरी काटेको तरकारी तुरून्तै पकाउनुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## कोलम्बियाको युद्धविरामको संयुक्त राष्ट्रसङ्घद्वारा स्वागत


संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस । तस्वीरः एजेन्सी

संयुक्त राष्ट्रसङ्घ, १८ पुस/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले कोलम्बियामा भएको युद्धविराम सम्झौताको स्वागत गरेका छन्। उनले आइतवार सो सम्झौताको स्वागत गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

कोलम्बियामा हिंसा गरिरहेका विभिन्न पाँचवटा सशस्त्र समूहले यहाँको सरकारसँग सम्झौता गरेर छ महीना अवधिका लागि युद्धविराम गर्ने सम्बन्धी पत्रमा हालै हस्ताक्षर गरेका थिए ।

कोलम्बियाका राष्ट्रपतिले नयाँ वर्ष सन् २०२३ को शुभकामना सन्देश दिने क्रममा गत डिसेम्बर ३१ का दिन यहाँका सशस्त्र पाँच विद्रोही समूहसँग कोलम्बिया सरकारले युद्धविराम गरेको जनाएका थिए ।

उनले सो युद्धविरामको अवस्था यही सन् २०२३ को जनवरीदेखि आगामी जून ३० तारिखसम्म कायम रहने पनि बताएका थिए । कोलम्बियामा युद्धविरामसँगै विकसित भएको पछिल्लो राजनीतिक घटनाक्रमले यहाँका नागरिकमा शान्ति स्थापनाको आशा बढेको संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटेर्रेसका प्रवक्ता स्टेफान डुजारिकले बताएका छन् ।

यही युद्धविरामको अवधिमा यहाँका सबै सशस्त्र समूहसँग शान्तिवार्ता प्रक्रिया अघि बढाउने र यसका माध्यमबाट देशमा शान्ति स्थापना गर्ने विषयमा सबै पक्ष लाग्न उनले जोड दिएका छन् ।

यो युद्धविरामको सदुपयोग गरेर कोलम्बियामा शान्ति स्थापनाको काममा लाग्न पनि महासचिव गुटेर्रेसले कोलम्बियाका सबै पक्षसँग आग्रह पनि गरेका छन् । उनका प्रवक्ता डुजारिकले आइतवार प्रकाशन गरेको विज्ञप्तिमा कोलम्बियामा शान्ति स्थापनाका लागि आवश्यक सबै सहयोग गर्न संयुक्त राष्ट्रसङ्घ सदैव तत्पर रहेको पनि जनाइएको छ । रासस

## कानस्न निर्माणअघि वृहत् अध्ययन जरुरी –अध्यक्ष तिमिल्सिना



काठमाडौं, १८ पुस/रासस

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपालको प्रत्येक क्षेत्रको कानून निर्माणअघि वृहत् अध्ययन आवश्यक भएको बताएका छन् ।

नीति अनुसन्धान प्रतिष्ठानले 'राष्ट्रियसभाका सांसदहरूसँग नेपालको सार्वजनिक नीति विषयक नीति संवाद' कार्यक्रममा उनले अध्ययन गरेर मात्र विधेयक बनाउनुपर्ने र त्यसले दीर्घकालीनरूपमा काम गर्नुपर्नेमा जोड दिए ।

"स्वास्थ्य, शिक्षा, सञ्चार, रोजगार तथा परराष्ट्र नीतिजस्ता क्षेत्रका कानून निर्माण गर्दा विज्ञ र सरोकारवालासँगको गहन छलफल जरुरी छ," अध्यक्ष तिमिल्सिनाले भने, "एकपटक बनाएको कानून जुनसुकै सरकार वा पार्टीलाई पनि मान्य खालको होस्, त्यसले देशको हित गरोस् ।"

राष्ट्रियसभाले अत्यन्तै मेहनत गरेर तयार गरेका पाँच वा विधेयक शून्य अवस्थामा पुगेको उल्लेख गर्दै उनले थपे, "धेरै लगानी र मेहनत गरेर पाँचवटा विधेयक बनाइएको थियो, ती विधेयक म प्रधानमन्त्री कहाँ लिएर जान्छु, र त्यसलाई पुनः ल्याउन आग्रह गर्छु ।"

अध्यक्ष तिमिल्सिनाले नीति अनुसन्धान गर्ने स्थानमा बसेका व्यक्तिले राष्ट्रका लागि तटस्थ भएर बौद्धिकता प्रस्तुत गरी काम गर्नुपर्ने बताए । त्यसले देशको समग्र विकासमा सहयोग पुऱ्याउने गरी काम गर्नुपर्ने उनको जोड छ ।

राष्ट्रियसभा अन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावलले विधेयक बनाउन संविधानले अवलम्बन गरेको सहकार्य, समन्वय र सहअस्तित्वको नीति अपनाउनुपर्ने बताइन् । उनले प्रभाव र पहुँचका आधारमा रातारात कानून बनाउन नहुने सुझाव पनि दिइन् ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति मायाप्रसाद शर्माले संसद्ले बनाएको कानूनको अक्षरशः पालना गरेर जानुपर्नेमा जोड दिँदै कानूनमा एक थरी र व्यवहारमा अर्को थरी हुन नहुने बताइन्।

दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले राज्यले कानून बनाउन आवश्यक ठानेका विषयलाई वृहत् अध्ययन, अनुसन्धान गर्नुपर्ने र कानून बनाउने जनप्रतिनिधिले पनि कानून निर्माणको कामलाई प्राथमिकता दिनुपर्ने बताए ।

राष्ट्रियसभाका सांसदहरू गङ्गाकुमारी बेल्बासे, नरबहादुर विष्ट, डा विमला राई पौडेल, भैरवसुन्दर श्रेष्ठलगायतले कानून बनाउन आवश्यक पर्ने विषयमा विषय विज्ञ, सरोकारवाला निकायसँग गहन छलफल गरेर मात्र अन्तिम रूप दिनुपर्ने सुझाव दिएका थिए ।

प्रतिष्ठानका अध्यक्ष डा विष्णुराज उप्रेतीले प्रतिष्ठानको परिचय, उद्देश्य प्रस्तुत गर्दै नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, विकास निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधारका क्षेत्रका विभिन्न पक्षमा सरकारले अपनाइएको विभिन्न नीति अध्ययन, विश्लेषण र अनुसन्धान गरी सुधार गर्नुपर्ने विषयमा सरकारलाई सिफारिश गर्ने गरेको जानकारी दिए ।

## इजरायली प्रधानमन्त्री र इजिप्टका राष्ट्रपतिबीच टेलिफोन वार्ता

जेरूसेलम, १८ पुस/सिन्हवा

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र इजिप्टका राष्ट्रपति अब्देल–फताह अल–सिसीबीच आइतवार टेलिफोन वार्ता भएको छ। सो अवसरमा द्विपक्षीय सम्बन्ध अगाडि बढाउने र क्षेत्रीय सुरक्षा प्रवर्द्धन गर्ने विषयमा छलफल केन्द्रित भएको बताइएको छ ।

इजरायली प्रधानमन्त्रीको कार्यालयले जारी गरेको विज्ञप्ति अनुसार नेताहरूले क्षेत्रीय र अन्तर्राष्ट्रिय विकासका साथै सबै क्षेत्रमा द्विपक्षीय सम्बन्ध प्रवर्द्धन गर्ने इच्छा व्यक्त गरेका छन् ।

उनीहरूले दुवै देशका जनता र मध्य पूर्वका सबै देशहरूको हितका लागि शान्ति, स्थिरता र सुरक्षा प्रवर्द्धन गर्न विषयमा विशेष महत्त्व दिएको विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री नेतान्याहु चरम दक्षिणपन्थी गठबन्धन सरकारको नेतृत्वमा पदासीन भएको तीन दिनपछि यो वार्ता भएको हो ।

इजरायल र इजिप्टले सन् १९७९ मा शान्ति सन्धिमा हस्ताक्षर गरेका थिए । सो सन्धी इजरायलले अरब राष्ट्रसँग हस्ताक्षर गरेको पहिलो शान्ति सन्धि थियो । त्यसपछि दुई देशबीच सम्बन्ध सुधार हुने अपेक्षा गरिए पनि तुलनात्मक रूपमा सम्बन्ध सुध्रेको भने छैन । रासस

## खाद्य व्यवस्थाद्वारा ६३ हजार क्विन्टल धान खरीद

काठमाडौं, १८ पुस/रासस

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हालसम्म ६३ हजार ३६२ क्वीन्टल धान खरीद गरेको छ । यस धान खरीद गर्ने खाद्य व्यवस्था कम्पनीको योजना छ। त्यसका लागि रु ९९ करोड बजेट छुटचाइएको छ। कम्पनीले पहिलो चरणमा २० हजार ९०० मेट्रिकटन धान दाबी छ। धान किन्दा १८ प्रतिशतभन्दा कम चिस्यान भएको किन्नुपर्छ । यो सरकारले नै तोकेको मापदण्ड हो। धान काट्ने बित्तिकै किन्दा त्यसको चिस्यान


तस्वीरः प्रतीक/फाइल

वर्ष ३० हजार मेट्रिक टन धान खरीदको लक्ष्य राखेको खाद्य व्यवस्था कम्पनीले पुस १७ गतेसम्म ६३ हजार ३०० क्विन्टल बराबर मात्रै धान खरीद गरेको हो ।

खाद्य व्यवस्था कम्पनीले देशका विभिन्न १० कार्यालयबाट धान खरीद गर्दै आएको छ । जसमध्ये हालसम्म बिर्तामोड, विराटनगर, वीरगंज, नेपालगंज, धनगढी र महेन्द्रनगर कार्यालयबाट धान खरीद शुरू भइसकेको कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले जानकारी दिइन्। उनका अनुसार लहान, जनकपुर र भैरहवामा भने अझै खरीद कार्य शुरू भइसकेको छैन ।

"खाद्य व्यवस्था कम्पनीका सात कार्यालयबाट आइतवारसम्ममा ६३ हजार ३०० क्वीन्टल धान खरीद भइसकेको छ। तीनवटा कार्यालयले भने खरीद शुरू गरिसकेका छैनन्। ती कार्यालयबाट पनि चाँडै शुरू गर्ने तयारीमा छौं," सुवेदीले भने। यस वर्ष ३० हजार २० मेट्रिक टन खरीदको योजना बनाएको छ ।

गत कात्तिक १६ गतेको मन्त्रिपरिषद् बैठकले यस वर्षका लागि धानको समर्थन मूल्य निर्धारण गरेको थियो। सरकारले मोटा धानको मूल्य प्रतिक्विन्टल रु दुई हजार ९६७ र मध्यम धानको मूल्य रु तीन हजार १२८ तोकिदिएको छ। गत वर्षको तुलनामा मोटा धानमा प्रतिक्वीन्टल रु २१५ र मध्यम धानमा रु २२६ बढाएर समर्थन मूल्य तोकिएको छ ।

सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा किसानबाट धान सङ्कलनको जिम्मा खाद्य व्यवस्था कम्पनीको हो । कम्पनीले तोकेको समर्थन मूल्यमा धान नकिनेको भन्दै किसान र तिनका प्रतिनिधि संस्थाहरू आन्दोलित छन् ।

गुणस्तरीय धान खरीदका लागि ढिलो गरी मात्रै खरीद प्रक्रिया शुरू गरेको खाद्य व्यवस्था कम्पनीको भनाइ छ । धान काट्ने बित्तिकै किन्दा त्यसमा चिस्यानको मात्रा बढी हुने भएकाले ढिलो गरी मात्रै धान किन्न लागिएको उनको बढी हुने र तौल पनि बढी हुने तर गुणस्तर भने नपुग्ने भएका कारण ढिलो गरी धान किन्न लागिएको कम्पनीको तर्क छ।

सरकारले धानको उत्पादन लागत र ढुवानीबाहेक २० प्रतिशत थप रकममा समर्थन मूल्य तोक्छ। बजार मूल्यभन्दा महँगोमा धान किनेबापत सरकारले खाद्य व्यवस्था कम्पनीलाई शोधभर्ना उपलब्ध गराउनुपर्छ। तर खाद्य व्यवस्था कम्पनीले पछिल्लो चार वर्षको शोध भर्ना पाएको छैन। यसअघिकै रु ३४ करोड ५४ लाख शोध भर्ना लिन बाँकी रहेको र यस वर्षको धान खरीदका लागि थप रु २७ करोड आवश्यक रहेको खाद्य व्यवस्था कम्पनीले जनाएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गत बिहीवार सार्वजनिक गरेको 'चालू आर्थिक वर्ष २०७९/८० को धान उत्पादनसम्बन्धी विवरण' अनुसार यस वर्ष १४ लाख ४७ हजार ७८९ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा ५४ लाख ८६ हजार ४७२ मेट्रिकटन उत्पादन भएको छ ।

## अज्ञात व्यक्तिका १८ शव भेटिए

त्रिपोली, १८ पुस/सिन्हवा

लिबियाका अधिकारीहरूले यहाँको उत्तरी तटीय शहर शिर्तेमा अज्ञात व्यक्तिका १८ ओटा शव भेटिएको आइतवार जनाएका छन् । शिर्ते सबा क्षेत्रमा गत हप्ता ती शव भेटिएपछि नजीकैको एक सरकारी अस्पतालमा लगिएको पनि ती अधिकारीले जनाएका छन् ।

बेपत्ता व्यक्तिहरूको खोजी गर्ने यहाँको सरकारी निकायका एक अधिकारीले ती शव भेटिएपछि अस्पताल पुऱ्याइएको र उनीहरूको पहिचानका लागि प्रयोगशालामा अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

उनले ती व्यक्ति को हुन् र के कति कारणले उनीहरूको मृत्यु भएको हो या हत्या भएको हो भन्ने विषयमा अनुसन्धान शुरू भएको जनाएका छन् । गएको अक्टोबर महीनामा पनि शिर्ते क्षेत्रकै एक सरकारी विद्यालयमा गाडिएको अवस्थामा ४२ ओटा शव भेटिएको यहाँको प्रहरीले जनाएको थियो ।

सन् २०१६ मा शिर्ते शहरबाट नागरिकलाई विस्थापित गर्नु अघि सो शहरमा इस्लामिक स्टेट अतिवादीहरूले कब्जा जमाएका थिए । सोही समयमा कैयौं व्यक्तिको हत्या पनि भएको थियो ।

पछिल्लो समयमा भेटिने गरेका अज्ञात शवहरू उनीहरूले नै हत्या गरेका हुन सक्ने अनुमान यहाँको प्रहरीले गर्ने गरेको छ । रासस

## तेहरानमा २४६ किलो अफिम बरामद

तेहरान, १८ पुस/सिन्हवा

इरानको राजधानी तेहरानमा प्रहरीले दुई छुट्टाछुट्टै कारबाहीमा २४६ किलोग्राम अफिम बरामद गरेको स्थानीय सञ्चारमाध्यमले आइतवार जानकारी दिएको छ ।

पहिलो कारबाहीमा प्रहरी बलले लागूऔषध तस्कर गिरोहलाई ध्वस्त पारी २१८ किलो अफिम बरामद गरेको तेहरानका उपप्रहरी कमान्डर हमीद होडाभान्डले अर्ध–आधिकारिक तस्निम समाचार एजेन्सीलाई उद्धृत गर्दै बताएका छन् ।

होडाभान्डले गिरोहका सदस्यहरूलाई चौबीसै घण्टा निगरानी र देशको उत्तरतर्फ जाने क्रममा बाटोमैं पक्राउ गरिएको बताए ।

अर्को कारबाहीमा इरानको विमानस्थल प्रहरीले तेहरानको इमाम खोमेनी अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने क्रममा दुईजना यात्रुहरूबाट २८ किलोग्राम अफिम बरामद गरेको प्रहरी कमान्डर मोहसेन अकिलीले इरानी विद्यार्थी समाचार एजेन्सीलाई बताएका छन् । दुवै लागूऔषध कारोबारीलाई न्यायिक निकायमा बुझाइएको अकिलीले बताए । रासस

## मधेश प्रदेशसभा ...

गते गर्ने निर्णय गरेको छ ।

सभाअध्यक्ष न्यौपानेले माघ २ गते सभामुखका लागि निर्वाचन हुने जानकारी दिए । उनले पुस २९ गते सभामुखको निर्वाचन कार्यक्रमसम्बन्धी सूचना प्रकाशन गर्न प्रदेशसभा सचिव रञ्जितकुमार यादवलाई निर्देशन दिएकाछन् ।

बैठकले प्रदेशसभा कार्यसञ्चालन नियमावली २०७५ अनुमोदन गर्नुका साथै नियमावलीको नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा अध्यक्षता गर्ने सदस्यको मनोनयन गरेको छ ।

यसरी मनोनित गरिएका सदस्यहरूमा सांसदहरू रेखा ठाकुर, बच्चा राउत अहिर, चन्दनकुमार सिंह, जितेन्द्रप्रसाद सोनार, फकिरा महतो र रत्नेश्वर गोइत छन् । सभालाई प्रदेश सरकारका मुख्यमन्त्री गट्टी, पूर्वसभामुख सरोजकुमार यादव र विभिन्न दलका १४ जना प्रदेशसभा सदस्यले मन्तव्य व्यक्त गरेका थिए ।

सभामा प्रदेशसभा सदस्य राजकुमार लेखी, कृष्णप्रसाद यादव, राजकुमार गुप्ता, वसन्तप्रसाद कुशवाह, जितेन्द्रप्रसाद सोनार, युवराज भट्टराई, बेची लुङ्गेली, कञ्चन बिच्छा, बिमला अन्सारी, उर्मिलादेवी सिंह, अनिरूद्धकुमार सिंह, केशव राय, प्रमोदकुमार जयसवाल, र सुनिताकुमारी साहले सम्बोधन गरेका थिए। प्रदेशसभाको अर्को बैठक आगामी माघ २ गते बस्ने छ ।

## तिलावे ...

मात्र नदी किनारमा फालिएको स्वीकारे। उनले आफ्नो वडाको फोहर विसर्जनमा समस्या भएको दलील दिएका छन् । जबकि महानगरले फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको दुई वर्ष बढी भइसक्यो ।

महानगरपालिकाका सरसफाइ अधिकृत सर्फुद्दीन मियाँले तिलावे नदीमा फोहोर नफाल्न ट्याक्टरचालकहरूलाई निर्देशन गरिसकेको बताए । उनले महानगरपालिकाले फोहर व्यवस्थापन केन्द्र नगवामा सञ्चालनमा ल्याइसकेको हुँदा सो ठाउँबाहेक अन्यत्र फोहर फाल्ने चालकहरूलाई कारबाई हुने बताए ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

दाइजोप्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

### नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ । साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

# चीसोको कारण विद्यालयमा बिदा, दाउरा वितरण भएन

प्रस, सेढवा, १८ पुस/

सोमवारदेखि चीसो बढेपछि जगरनाथपुर र सखुवाप्रसौनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आगामी शनिवारसम्म बिदा दिइएको छ। अत्यधिक चीसोका कारण बालबालिकाहरू प्रभावित हुन सक्ने भन्दै विद्यालयले शनिवारसम्म बिदा दिएको बताइन्छ।

यसैगरी, पोखरिया नगरपालिकाका सामुदायिक विद्यालयहरू पनि चीसोका कारण बन्द भएका छन्। यसैगरी, वीरगंज महानगरपालिकाले पनि पुस २२ गतेसम्म चीसो भएका कारण बिदा दिएको छ। पुस २३ गते शनिवार परेकोले महानगरका विद्यालयहरू पुस २४ गतेदेखि खुला हुनेछन्।

पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार झाले सूचना जारी गरी पुस १९ गतेदेखि २२ गतेसम्म बिदा दिएको बताएका छन्। उनले पुस २३ गते शनिवार परेको र २४ गते आइतवारदेखि विद्यालय सञ्चालन गर्न नपाका सामुदायिक विद्यालयहरुलाई जानकारी गराएका छन्। यसैगरी, अत्यधिक चीसोका कारण गरीब, विपन्न, असहाय तथा दलित समुदायको जनजीवन कष्टकर भएको जीराभवानी गापा–२ का माथुर माझी मुसहरले बताए। गत वर्ष शीतलहरको समयमा स्थानीय जनप्रतिनिधिहरूले आगो ताप्न दाउरा वितरण गरे पनि यस वर्ष दाउरा वितरण नभएकोमा उनले गुनासो गरे।

पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरीले दाउरा वितरणको लागि डिभिजन वन कार्यालय, पर्साले दाउरा उपलब्ध नगराएको बताएका छन्। उनले विपद् व्यवस्थापन समिति, पर्साको बैठकबाट चीसो प्रभावित क्षेत्रमा दाउरा वितरण गर्ने निर्णय गरेको भोलिपल्टै आफूले दाउरा वितरणको लागि डिभिजन वन कार्यालय, पर्सामा राजस्व दाखिला गरेको भएपनि हालसम्म दाउरा उपलब्ध नभएको बताए।

जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले डिभिजन वन कार्यालयले पालिकाहरूलाई काखापाखा गरी दाउरा वितरण गरेको आरोप लगाएका छन्। दाउराका लागि दैनिक एकजना कर्मचारी डिभिजन वन कार्यालयमा धाइरहेको उनले बताए।

यसबारे डिभिजन वन कार्यालय, पर्साका वन अधिकृत फरमान मियाँले कार्यालय प्रमुख बिदामा रहेकाले दाउरा उपलब्ध गराउन नसकिएको बताए। उनले कार्यालय प्रमुख आउने बित्तिकै रौतहटबाट दाउरा ल्याएर वितरण गरिने बताएका छन्।

# तालीम तथा रोजगार प्रवर्द्धनबारे सरोकारवालासँग अन्तर्क्रिया


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १८ पुस/

नेपाल सरकारको शिक्षा मन्त्रालयले सञ्चालन गरेको इभेन्ट परियोजनाको आयोजनामा तालीम तथा रोजगार प्रवर्द्धन प्रशिक्षक, सहायक प्रशिक्षक, तालीमप्राप्त सहभागी तथा अन्य सरोकारवालासँग एक दिने अन्तर्क्रिया कार्यक्रम सोमवार वीरगंजमा सम्पन्न भएको छ।

नेपाल सरकारले दक्ष उद्यमी तथा रोजगारको ग्यारेन्टी गर्ने उद्देश्यले सिटिइभिटी तथा नेपाल सरकार आफैंले कार्यक्रम सञ्चालन गर्दै आएका छन्। सीप सिकेपछि रोजगारको ग्यारेन्टी गर्दै बेरोजगार युवाहरूलाई देशमा नै अवसर दिनुपर्छ भन्ने उद्देश्यले नेपाल सरकारले यो कार्यक्रम देशभरि सञ्चालनमा ल्याएको छ।

इभेन्ट परियोजनामार्फत सञ्चालन कार्यक्रमका लाभदायिक संस्था तथा सरोकारवालाहरूको भेलाले आगामी कार्यनीतिबारे छलफल गरेको थियो। कार्यक्रममा विषयगत प्रशिक्षण दिने १० वटा संस्थाका प्रतिनिधिको सहभागिता थियो।

इभेन्ट परियोजना प्रमुख शिवकुमार सापकोटा, उपसचिव लेखाप्रमुख देवहरि गौतम, आयोजनाका उपसचिव केवलीराम अधिकारी, महानगरका शिक्षा महाशाखाका प्रमुख अरविन्दलाल कर्णलगायतले मन्तव्य व्यक्त गरेका कार्यक्रममा सहजीकरण शाखा प्रमुख उद्धवराज कँडेलले गरेको सरोज कोइरालाले जानकारी दिएका छन्।

# सर्लाहीमा गाँजाखेती नष्ट अभियान

प्रस, सर्लाही, १८ पुस/

सर्लाही जिल्लाको चुरे क्षेत्रमा प्रहरीले गाँजा फँडानी अभियान शुरू गरेको छ। आइतवारबाट शुरू गरेको अभियान सोमवार पनि जारी रह्यो।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जानकारी गराए अनुसार प्रहरीले आइतवार आठ बिघा गाँजाखेती नष्ट गरेको थियो। प्रहरी टोलीले सोमवार सात बिघा जति जमीनमा लगाएको गाँजा नष्ट गरेको हो। जिल्लाको चुरे भेगमा पर्ने लालबन्दी नगरपालिकाको वडा नं १४ नारायण खोलास्थित सत्र कट्ठा भन्ने ठाउँमा लगाइएको गाँजाखेती प्रहरीले नष्ट गरेको हो। जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको संयुक्त सुरक्षा टोलीका ६० जना प्रहरी जवान अभियानमा सहभागी रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

कानूनमा निषेध गरिएको गाँजाखेती स्थानीय बासिन्दाले हुर्काइरहेको भन्ने खबर पाएपछि सो क्षेत्रमा गएर हेर्दा सूचना सत्य ठहर भएकोले गाँजाखेती नष्ट अभियान शुरू गरिएको जिल्लाका प्रउ सुवेदीले जानकारी दिए। “चुरेमा गाँजाखेती मौलाएको सूचना जिल्लामा आएलगत्तै हामीले फँडानी अभियान चलायौं, आइतवारदेखि शुरू भएको अभियान गाँजा नष्ट नगरून्जेलसम्म जारी रहनेछ,” उनले बताए।






# खेलकूदको संसार

## जनकपुर रोयल्सको पाँचौं जीत

प्रस, जनकपुरधाम, १८ पुस/

जनकपुर रोयल्सले नेपाल टी–२० लिगमा पाँचौं जीत हात पारेको छ। सोमवार त्रिवि क्रिकेट मैदानमा भएको खेलमा जनकपुर रोयल्सले फारवेस्ट युनाइटेडमाथि ८२ रनको सहज जीत निकालेको हो।

१६१ रनको लक्ष्य पच्छ्याएको फारवेस्ट १५.१ ओभरमा ७९ रनमा अलआउट भयो। फारवेस्टका लागि हसमतुल्लाह शहिदीले सर्वाधिक ३२ रन बनाए। त्यसैगरी, रसिद खानले अविजित १७, ओपनर भीम सार्कीले १६, देव खनालले १ रन जोडे। जनकपुरका लागि समिउल्लाह सेनवारीले सर्वाधिक तीन विकेट लिए भने सोमपाल कामी र पवन सरार्फले समान दुई/दुई विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १६१ रनको स्कोर खडा गरेको थियो। सो टीमका सन्दीप जोराले सर्वाधिक ५५, कप्तान त्रिभोन ग्रिफ्थले ३२, सराफुद्दिन सरार्फले २०, चडविक वाल्टनले २४ रन र राजेश पुलामीले १६ रन बनाए।

फारवेस्टका लागि प्रकाश जैशीले तीन र भुवन कार्कीले दुई विकेट लिए। जीतसँगै जनकपुर रोयल्स सात खेलमा पाँच जीत र दुई हारसहित १० अङ्कका साथ अङ्कतालिकाको दोस्रो स्थानमा छ। फारवेस्टले भने छ खेलमा एक जीत र पाँच हारसहित तालिकाको पुछारमा रहेको छ।

## पोखराद्वारा काठमाडौं पराजित

पोखरा एभेन्जर्सले काठमाडौं नाइट्सलाई पराजित गर्दै पहिलो संस्करणको नेपाल टी–२० लिग क्रिकेट प्रतियोगितामा विजयी भएको छ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा पोखराले काठमाडौंलाई पाँच विकेटले पराजित गर्दै विजयी भएको हो। काठमाडौंले दिएको १६५ रनको लक्ष्य पोखराले १९ दशमलव ४ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो।

पोखराको जीतमा सुमित महर्जनले सर्वाधिक ७६ रनको योगदान दिए।

५२ बल खेलका उनले तीन छक्का र सात चौकाको मदतमा ७६ रनको योगदान दिएका हुन्। त्यसैगरी, पोखराका कप्तान उपुल थरङ्गाले ५८ रनको योगदान दिए। ४९ बल प्रहार गरेका उनले एक चौका र पाँच चौकाको मदतमा ४९ रन बनाएका हुन्।

कुशल मल्लले अविजित १४ रन जोडे भने आशिफ शेखले सात तथा सिद्धान्त लोहनीले तीन रन बनाए। बलिङतर्फ काठमाडौंका कमल ऐरीले तीन विकेट लिए भने अनिल खरेल र अविनाश बोहोराले समान एक/एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १६४ रन बनाएको थियो।

काठमाडौंका लागि एलेक्स ब्लाकेले सर्वाधिक ६४ रनको योगदान दिएका थिए भने सुमन गौतमले ४५ रन बनाएका थिए। त्यस्तै, वीरन्दीप सिंहले ३२ तथा ज्यान बुर्लले १० रन जोडेका थिए।

काठमाडौंलाई १६४ रनमा समेट्ने क्रममा पोखराका तुलबहादुर थापाले दुई विकेट लिए भने कुशल मल्ल र प्रतीश जिसीले समान एक/एक विकेट लिए।

यो जीतसँगै आठ खेलमा तीन जीत तथा पाँच खेलमा हार बेहोरेको पोखरा छ अङ्क जोड्दै अङ्कतालिकाको चौथोमा छ। त्यस्तै, छ खेलमा तीनमा जीत तथा तीन खेलमा हार बेहोरेको काठमाडौं छ अङ्कका साथ अङ्कतालिकाको तेस्रो स्थानमा छ। प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख पाउनेछन्।

# निषेधित क्षेत्रमा सवारी पार्किङ गर्ने कर्मचारीमाथि स्पष्टीकरण

प्रस, वीरगंज, १८ पुस/

वीरगंज महानगरपालिका कार्यालयले माईस्थानको गहवामाई मन्दिरअगाडि सवारी निषेधित क्षेत्रमा महानगरको पिकअप भ्यान पार्किङ गरेको कसूरमा नौजना कर्मचारीहरूलाई स्पष्टीकरण सोधेको छ।

महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले घटनामा संलग्न योजना शाखाका इन्जिनीयर भरतबहादुर थापा, चालक रमेश गुप्ता र महानगरका प्रहरी प्रमुख हरि भुसाल तथा मन्दिर परिसरमा ड्युटीमा रहेका छजना नगर प्रहरी छोटेलाल राउत, राजेन्द्र महरा, दीपेन्द्रप्रसाद यादव, नारायण साह कानू, अभिमन्यु यादव र बृजकिशोरसँग तीन दिने स्पष्टीकरण माग गरेका हुन्।

इं थापा, नगरप्रहरी प्रमुख भुसाल सो घटनामा संलग्न देखिएको र चालक गुप्ताले पिकअप भ्यान गहवा मन्दिरअगाडिको सवारी निषेधित क्षेत्रमा प्रवेश गराएको पाइएपछि उनीहरूलाई स्पष्टीकरण सोधिएको हो। यसैगरी, मन्दिर परिसरमा सवारीसाधनको प्रवेश हुन नदिन ड्युटीमा खटेका छजना नगरप्रहरीले आफ्नो जिम्मेवारी वहन नगरेको भन्दै उनीहरूसँग पनि स्पष्टीकरण सोधिएको छ। तीन दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण पेश गर्न र सो नगरिए कारबाई गर्ने चेतावनी दिइएको छ। महानगरपालिकाको ना.१झ १५९७ नम्बरको पिकअप भ्यान बिदाको दिन गहवामाई मन्दिरस्थित सवारी निषेधित क्षेत्रमा पार्किङ भएको फोटो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि महानगरप्रमुख राजेशमान सिंहको निर्देशनमा कसूरवारलाई कारबाईको लागि स्पष्टीकरण सोधिएको महानगरले जनाएको छ।

# पर्सागढी र महानगरमा दाउरा वितरण



बलिराम शुक्ल, बिरुवागुठी/

पर्सागढी नगरपालिकाले नगरका चोकहरूमा चीसो बढेसँगै तातो हुनको लागि दाउरा वितरण गरेको छ।

सोमवारदेखि नपाले चोकचोकमा दाउरा वितरण गरेको र नगरवासीहरू आगो तापेर बसिरहेका छन्। सबैया साझेदारी वन उपभोक्ता समिति र वन कार्यालयबाट दाउरा खरीद गरेर पर्सागढी नपाले नौवटै वडाका चोकहरूमा सोमवारदेखि दाउरा वितरण गरेको र नगरवासीहरू आगो बालेर न्यानो हुँदै आएका छन्।

नगरप्रमुख गोकर्ण पाठकले नपाका सबै वडामा दाउरा वितरण गरिएको बताए। उनले दुई टाँचा दाउरा खरीद गरी नपाले नौवटै वडामा पठाएको बताए।

*प्रस, वीरगंज/*

यसैगरी, वीरगंज महानगरपालिकाले चीसो शुरू भएसँगै दाउरा वितरणलाई निरन्तरता दिएको छ। पुस १४ गतेदेखि महानगरले जाडो बढेसँगै दाउरा वितरण शुरू गरेको हो। महानगरको मुख्यरोडको भन्सार, रजतजयन्तीचोक, छपकैया, मालपोत चोक, बिर्ता, अलखियामठ, आदर्शनगर, माईस्थान, घण्टाघर, विपी उद्यान, श्रीपुर, मुर्ली, पावरहाउसलगायत क्षेत्रमा दाउरा वितरण गरेको छ।

चीसो बढेसँगै दाउरा वितरण गरेपछि चोकचोकमा आगो बालेर नगरवासी न्यानो हुने गरेका छन्।


**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।**

- सावधानीपूर्वक सवारीसाधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारीसाधन चलाऔं।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड